का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० जेठ २०८२,
शुक्रबार
13 June, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक १३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



कञ्चनपुरको कृष्णपुर नगरपालिका-२, अठन्नीफाँटामा बिहीबार नेपाल राष्ट्रिय समाज कल्याण संघ र मर्सिकोरको साझेदारीमा सञ्चालित जलवायु उत्थानशील परियोजना अन्तर्गत बाढी आउन पूर्व साइरन र माइकिङ गरी स्थानीयलाई जानकारी गराउने अभ्यास गरिँदै । **तस्वीरः राजेन्द्रप्रसाद पनेरु, रासस**



एयर इण्डिया विमान दुर्घटना

# दुई सय बढीको मृत्यु एक यात्री जीवितै

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

भारतको पश्चिमी शहर अहमदाबादमा बिहीबार ठुलो विमान दुर्घटना भएको छ। २४२ यात्रु बोकेको एयर इन्डियाको विमान लन्डनका लागि उडेको केही मिनटभित्रै दुर्घटनामा परेको हो ।

भारतका उड्डयन अधिकारीहरूले दुर्घटनालाई 'दुःखद' भनेका छन् । लन्डनको ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१, बोइङ ७८७-८ ड्रिमलाइनर उडानको केही समयपछि दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् । जहाज भारतीय समयअनुसार विमानस्थलबाट १ बजेर ३८ मिनेटमा उडेको र त्यसको २ मिनेटमै दुर्घटनाग्रस्त भएको भनिएको छ ।

दुर्घटनास्थलमा १ जना जीवित फेला परेका छन् भने २०४ जनाको मृत्यु भएको छ । मृतकको संख्या अझ बढ्न सक्ने अधिकारीहरूको भनाइ उद्धृत गर्दै भारतीय पृष्ठ २ मा

## कसरी भयो दुर्घटना

सार्वजनिक तस्बिर र भिडिओअनुसार जहाजले विमानस्थलबाट टेक-अफ लिएपछि जति उचाई लिनुपर्ने हो, त्यति लिन नसकेको देखिएको छ । त्यसपछि बिस्तारै तलतल पृष्ठ २ मा

## नेपालद्वारा दुःख व्यक्त

राष्ट्रपति रामचन्द्र पौडेलले दुर्घटनाले आफू स्तब्ध भएको बताएका छन् । सामाजिक सञ्जाल एक्समार्फत राष्ट्रपति पौडेलले जहाज पृष्ठ २ मा

- उडेको २ मिनेटमै दुर्घटना
- मृतकको संख्या अझ बढ्न सक्ने
- १६९ भारतीय, ५३ बेलायती, ७ पोर्चुगाली र १ क्यानाडाली यात्रु
- ४० वर्षीय बेलायती नागरिक विश्वासकुमार रमेश जीवितै

भिजिट भिसा प्रकरण

# पछि हटे कांग्रेस-एमाले



सत्ताक्षको तर्फबाट छानबिन तथा अध्ययन गर्ने र आवश्यक संरचना बनाएर समस्या समाधान गर्न ठोस रूपमा पहल लिने भन्ने प्रतिबद्धता आएपछि सकारात्मक वातावरण बनेको छ

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष, नेकपा माओवादी केन्द्र**




अख्तियारले गरिरहेको छानबिनलाई कुनै असर नपर्ने गरी सरकारले अनुसन्धानलाई सहयोग पुऱ्याउने र सुधारात्मक कार्य गर्ने गरी सदन सुचारू गर्न सहमति भएको छ

**रामहरि खतिवडा**
**नेता, नेपाली कांग्रेस**



छानबिन समिति बनाएर जनतालाई न्याय दिने कुरामा कांग्रेस सहमतिमा आएको छैन, गृहमन्त्रीको राजीनामा र छानबिन समिति बनाउनुपर्ने हाम्रो माग यथावतै छ

**मनिष झा**
**कार्यबाहक प्रवक्ता, रास्वपा**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

भिजिट भिसा प्रकरणमा सरकार र दलहरूबीच नीतिगत सुधार गर्ने गरी सहमति नजिक पुगेपछि लामो समय देखिको सदनको गतिरोध अन्त्य हुने संकेत देखिएको छ । गत १३ जेठबाट निरन्तर अबरोध हुँदै आएको प्रतिनिधिसभा शुक्रबारबाट खुलाउने विषयमा प्रमुख ३ दल सहमति नजिक पुगेका हुन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) र सत्ता पक्ष दलहरूबीच २ बुँदे सहमति भएसँगै सदनमा सौहार्दता देखिने अवस्थामा पुगेको सत्ता पक्षका सांसदहरूले दाबी छन् । अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका निर्देशक तीर्थ भट्टराईसहित कर्मचारीबाट पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# यसपटक पनि सय नपुग्ने म्यानपावर नवीकरणको भर बाधा अड्काउ फुकाउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ ।

वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनी नवीकरणका लागि सूचना प्रकाशित गरेको छ । राष्ट्रियसभाले प्रतिनिधिसभाबाट पारित संख्या सय खारेज गर्ने 'केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८१' पारित नगर्दै म्यानपावर कम्पनीको नवीकरणका लागि सूचना सार्वजनिक भएपछि चालु आर्थिक वर्षमा सय जना कामदारको श्रम स्वीकृति लिन नपाएका म्यानपावर कम्पनीका सञ्चालकहरूको चासो बढाएको छ ।

संख्या सय खारेज गर्ने प्रावधान रहेको 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' प्रतिनिधिसभाबाट गत वैशाख १६ गते बहुमतले पारित भएको हो । प्रतिनिधिसभाले उक्त विधेयक पारित गरेपछि व्यवसायीहरूमा समस्याको स्थायी समाधान भएको भन्दै एकखालको निश्चितता बढेको थियो । तर प्रतिनिधिसभाबाट पारित विधेयक ४५ दिन पुगिसक्दा पनि राष्ट्रियसभाबाट पारित नभएको र विभागले नवीकरणको सूचना निकालेपछि यस पटक पनि सय जना कामदारको श्रम स्वीकृति लिन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न विगतमा जस्तै मन्त्रिपरिषद्बाट बाधा अड्काउ आदेश जारी गराउनुपर्ने अवस्था आउने त होइन ? भन्ने प्रश्न कतिपय कोणबाट उठेको छ ।

वैदेशिक रोजगार ऐन २०६४ सहित ७९ वटा कानुनका विभिन्न दफाहरू संशोधन गर्न बनेको उक्त विधेयकमा बिहीबार राष्ट्रियसभा अन्तर्गत रहेको विधायन समितिमा दफावार छलफलमा छ। प्रतिनिधिसभाले पारित गरेको उक्त विधेयकमा खासै पृष्ठ २ मा

## नवीकरणमा कर्मचारी विवरण र गुगल म्याप अनिवार्य

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीको नवीकरण गर्ने सूचनामा करचुक्तालगायत परम्परागतरूपमा माग गर्ने कागजातसहित म्यानपावर कम्पनीमा कार्यरत सञ्चालक तथा कर्मचारीको विवरण र गुगल प्लस कोडसहितको अपडेट गुगल म्याप माग गरेको छ ।

विभागले म्यानपावर कम्पनीसहित स्वीकृति प्राप्त शाखा कार्यालयहरू, अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरू, केयर गिभरसम्बन्धी सीप विकास तालिम प्रदायक संस्थाहरू, घरेलु कामदारसम्बन्धी सीप विकास तालिम प्रदायक संस्थाहरू, वैदेशिक रोजगारमा जाने कामदारहरूलाई सीपमूलक तालिम प्रदान पृष्ठ २ मा



# न्यायाधीश थारुमाथि कालोमोसो

**काठमाडौं/मस–** वीरगन्जस्थित उच्च अदालतका न्यायाधीशलाई इजलासभित्रै छिरेर कालोमोसो दलिएको छ । नेकपा बहुमतका कार्यकर्ताहरूले उच्च अदालत, वीरगञ्जका न्यायाधीश खुसीराम थारुलाई मोसो दल्दै भ्रष्टाचारी न्यायाधीशलाई बाँकी नराख्ने चेतावनी दिएको हो ।

सुरक्षाघेरा तोडेर छापामार शैलीमा उच्च अदालत वीरगन्जको इजलासमा पुगेका सो पार्टीका कार्यकर्ताहरुले न्यायाधीश थारुमाथि मोसो प्रहार गरेका थिए । कालोमोसो दल्नेहरुले नेपाली कांग्रेसका नेता मोहम्मद अफ्ताव आलमलाई घुस खाएर न्यायाधीशले रिहा गरिदिएको भन्दै कालोमोसो दलेका थिए ।

आलम इँट्टा भट्टामा जीउँदै जलाएको आरोपमा जेलमा थिए । उच्च अदालत वीरगन्जको थारुको इजलासले केही दिनअघि आलम निर्दोष रहेको भन्दै रिहा गर्न आदेश दिएको थियो ।

सोको विरोधमा बहुमत समर्थित कार्यकर्ताहरुले इजलासभित्रै पुगेर कालो मोसो दलेका हुन् ।

यसैबीच मोसो प्रहारको घटनाप्रति नेपाल बार एशोसिएशनले कडा आपत्ति जनाएको छ ।



बार एशोसिएशनका महासचिव तथा वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले हस्ताक्षर गरेको वक्तव्यमा उक्त घटनालाई 'अनपेक्षित र खेदजनक' उल्लेख गरिएको छ । र दोषीमाथि कडा कानुनी कारबाहीको माग गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'न्यायाधीशले कानुनले दिएको अख्तियारी प्रयोग गर्दै फैसला गर्ने अधिकार राख्दछन् र राख्नैपर्छ भन्ने कुरामा नेपाल बार स्पष्ट छ ।

कुनै पनि विवादमा फरक मत देखिनु स्वाभाविक प्रक्रिया हो र सोको अन्तिम निष्कर्ष न्यायालयबाटै टुंग्याइनु पर्दछ । न्यायिक प्रक्रियाबाहेक सहि-गलतको फैसला गर्न खोज्नु विधिको शासन विपरीत हुन्छ ।'

यस्तै नेकपा बहुमत निकटका कार्यकर्ताहरूले बिहीबार उच्च अदालत जनकपुर, बीरगञ्ज इजलासका न्यायाधीश खुसीराम थारुमाथि इजलासमा प्रवेश गरी कालोमसी छ्यापिएपछि संवैधानिक कानुन व्यवसायी मञ्चले भर्त्सना गरेको छ ।

मञ्चका अध्यक्ष ओमप्रकाश अर्यालले प्रेस विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेका हुन् । जारी विज्ञप्तिमा भनिएको छ,'राजनीतिक आवरणमा भएको अपराध निन्दनीय मात्र नभई प्रचलित कानुन बमोजिम दण्डनीय पनि छ । विधिको शासन, शान्ति सुरक्षा तथा स्वतन्त्र न्यायपालिकाको खिल्ली उडाएको छ ।'


सभ्य समाजका न्यूनतम मानकहरू समेत भत्काउने हद सम्मको अपराध भएको हुँदा अक्षम्य रहेको जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

राजनीतिक आवरणमा अपराध भएको अवस्थामा राज्य संयन्त्रको साथै सम्बन्धित दल वा राजनीतिक समूहको संयन्त्रले पनि दोषीहरूलाई कारबाही गर्नुपर्ने माग गर्दै जारी विज्ञप्तिमा भनिएको छ,'राजनीतिको अपराधीकरणको दुष्चक्रमा मुलुक फस्ने खतरा बढ्न सक्छ । संवैधानिक लोकतन्त्रका आधारशिला भत्काउने, कानुन हातमा लिने, न्यायपालिकाको स्वतन्त्रता समाप्त पार्ने कार्यको रोकथाम तथा नियन्त्रणको लागि राज्य र नागरिक समाजको सहकार्य हुनु पर्दछ ।'

# भट्टराईको दाबी– आगामी निर्वाचनमा उथलपुथल हुनेछ

**काठमाडौं/मस–** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले २०८४ को निर्वाचन उथलपुथल हुने दाबी गरेका छन् । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गरी अध्यक्ष भट्टराईले कांग्रेस, एमाले र माओवादीबिच भएको खुट्टा तानातानका कारण झन् नाङ्गिएर जाने दाबी गरे ।

'आगामी वर्ष उथलपुथलको वर्ष हुने नै छन् । पुराना दलहरू आ-आफ्ना खुट्टा तानातान गरेका छन् । पोल खोलाखोल गरिराखेका छन् । आगामी दिनमा त्यो झन् बढ्दै जानेछ', उनले भने, 'मुख्य तीन दलका तीन नेताहरूको चर्तिकला झन् बढी नाङ्गिने छ । त्यसअर्थमा यो वृहत् नयाँ वैकल्पिक शक्तिहरू ध्रुवीकरणको प्रक्रिया पनि आगामी दिनमा अगाडि बढेर जान्छ भन्ने मेरो विश्वास छ ।'



# नेपाली सेनाद्वारा लुकुममा झाँक्रीको काल्पनिक स्तम्भ निर्माण

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २९ जेठ



रुकुमपूर्वको भूमे गाउँपालिका-१ लुकुममा परम्परागत झाँक्री नाचको संरक्षण र प्रवर्द्धनका लागि काल्पनिक झाँक्रीको स्तम्भ निर्माण गरिएको छ । यो स्तम्भ श्री १५ वाहिनी अड्डाको पहलमा स्थानीय स्रोतसाधन र सामुदायिक सहभागितामा तयार पारिएको हो ।

लुकुम गाउँमा प्रत्येक वर्ष साउने संक्रान्तिपछि आउने पहिलो सोमबार र मंगलबार विशेष झाँक्री नाच गरिन्छ । गाउँको शान्ति, सुरक्षा र समृद्धिका लागि गरिने सामूहिक सांस्कृतिक अनुष्ठान रहेको स्थानीय बताएका छन् । गाउँमा अनिष्ट, रोगव्याधी, प्राकृतिक विपत्ति, झगडा, आगलागीजस्ता घटना घट्न नदिन झाँक्री नाच्ने परम्परा बसालिएको वडाध्यक्ष मनकाजी पुनेले जानकारी दिए । झाँक्रीको दर्जनौं भन्दा बढी संख्या रहको लकुममा झाँक्री स्तम्भ निर्माण श्री १५ वाहिनी अड्डा मातहतका श्री बर्द बहादुर गण, श्री बटुकदल गण, श्री ज्वालादल गण,श्री सिद्धिबक्स गण, श्री रनसिंह दल गण, श्री चण्डिदल गण र श्री सूर्यदल गणको सहयोगमा निर्माण गरिएको श्री मध्य पश्चिम पृतना हेड क्वाटरले जानकारी दिएको छ । झाँक्री स्तम्भले स्थानीय परम्पराको प्रतिनिधित्व गर्ने चित्र, ढाँचाहरू र सामग्री प्रयोग गरिएको छ । यसले पर्यटकलाई आकर्षित गर्ने तथा बालबालिका र नयाँ पुस्तालाई आफ्नै परम्पराप्रति गर्वको अनुभूति गराउने अपेक्षा समेत गरिएको छ । झाँक्री स्तम्भको समुद्घाटन मध्य पश्चिम पृतना हेड क्वाटर पृतनापति उपरथी प्रेम बहादुर पुनले गरेका थिए । कार्यक्रमलाई स्थानीय बासिन्दाहरूले परम्परागत भेषमा सहभागिता जनाउँदै स्वागत गरेका थिए । उक्त समारोहमा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले संस्कृति जोगाउनु भनेको भूमे पहिचान जोगाउनु रहेको बताए । उनले झाँक्री परम्परा मौलिकता रहेको बताए ।

## पछि...

भिजिट भिसामा भएको ठगीका सम्बन्धमा नेपाल सरकारले छानबिन गरी सुधारको प्रतिवबद्धता सहित सत्ता र प्रतिपक्षबीच सहमति भएको हो । गृहमन्त्री रमेश लेखकको राजीनामा, भिजिट भिसा प्रकरणमा संसदीय छानबिन समिति गठन लगायत माग गर्दै २ हप्तादेखि संसद् अवरुद्ध हुँदै आएको थियो । 'भिजिट भिसा प्रकरणमा सरकारले नीतिगत सुधार गर्ने गरी सहमति भएको छ' नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले भने 'अख्तियारले गरिरहेको छानबिनलाई कुनै असर नपर्ने गरी सरकारले अनुसन्धानलाई सहयोग पुऱ्याउने र सुधारात्मक कार्य गर्न गरी सदन सूचारू गर्न सहमति गरिएको छ ।'

संबैधानिक निकायले गरेका छानबिनमा कसैले पनि हस्तक्षेप नगर्ने अघि बढ्ने विषयमा सबै दलहरू सकारात्मक देखिएको उनको भनाइ छ । 'कुनै कर्मचारी भ्रष्टाचारमा मुछिदैमा मन्त्रीले राजीनामा दिदै जाने हो भने टेलिकमका निर्देशक संगीता पहाडीमाथि मुद्दा दर्ता भइसकेपछि सञ्चारमन्त्रीले पनि राजीनामा दिनुपर्ला', उनले भने ।

त्यसकारण सबै दलहरूले यो विषयलाई ख्याल गर्नु पर्ने खतिवडाले बताए । 'तत्कालीन गृहमन्त्री रवी लामिछाने संसदीय समितिमा आउँदा छानबिनलाई प्रभावित बनाउने गरी प्रहरी प्रमुखलाई लिएर जवाफ दिन निर्देशन गर्नुभएको थियो', खतिवडाले भने 'तर अहिलेका गृहमन्त्री लेखक आफै आएर कुराहरू राख्नुभएको छ । उहाँले राज्यको अनुसन्धान गर्ने निकायलाई प्रभावित गर्नेगरी कुनै गतिविधि गर्नुभएको छैन् ।'

संसदको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भने यो विषयमा अझै सहमत भएको छैन् । गृहमन्त्रीको राजीनामा, संसदीय छानबिन समिति गठन लगायत ५ बुँदामा सरकारपक्षले सहमति नगरेसम्म सदन चल्न नदिने अडानमा रहेको रास्वपाले माओवादी केन्द्रको साथ कायमै रहेको दाबी गरेको छ ।

प्रमुख प्रतिपक्षी दल माओवादी र सत्ता पक्षीय दलबीच सहमतिको वातावरण बनेको बताइएपनि रास्वपाले भने माओवादीले २ बुँदे सहमति गरिनसकेकाले सदनमा बिहीबारको जस्तै नाराबाजी हुने बताएको छ ।

'छानबिन समिति बनाएर जनतालाई न्याय दिने कुरामा नेपाली कांग्रेस सहमतिमा आउन सकेको छैन', रास्वपाका कार्यबाहक प्रवक्ता मनिष झाले मध्यान्हसँग भने 'यसमा प्रमुख प्रतिपक्षी दल माओवादीका अध्यक्ष प्रचण्डले प्रतिपक्षी दलहरूको बैठकमा सत्तापक्षीय दलसँग भएको छलफलका बारेमा जानकारी दिदै छानबिन समिति बनाउने विषयमा लिखित सहमति आएपछि मात्रै सदन चल्न दिने भन्नुभएको छ । हाम्रो माग पनि अहिलेसम्म त्यही नै कायम छ ।'

पूर्वप्रधानमन्त्री समेत रहेका प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबारसम्म सत्तापक्षसँग सहमति भएर संसद चल्ने विश्वास व्यक्त गरेका छन् । भिजिट भिसा प्रकरणका सन्दर्भमा माओवादीले लिखित सहमति खोजेपछि सत्तापक्ष लिखित गर्न तत्पर भएको थियो । बिहीबार कांग्रेस, एमाले, माओवादी र नेकपा (एकीकृत समाजवादी)बीच २ बुँदे सहमति भएको नेताहरूले बताएका छन् । रास्वपाकै ५ बुँदे प्रस्तावलाइ पछ्याउँदै अलमलमा रहेको माओवादी अन्ततः सत्तारूढ दलको लाइनमा आएको देखिन्छ । अध्यक्ष प्रचण्डका प्रेस संयोजक गोविन्द्र आचार्यले प्रतिपक्षले उठाएको भिजिट भिसा प्रकरणमा छानबिनको सुनिश्तिता भएकाले संसद चलाउने विषयमा सहमति नजिक पुगेको बताए ।

'प्रतिपक्षका विषयमा सत्तारूढ दलहरूबाट विश्वास योग्य वातावरण बनेपछि माओवादीले सदन चलाउने कुरामा सहमत भएको छ', उनले भने 'प्रतिपक्षी दलले उठाएको भिजिट भिसा प्रकरण छानबिनको विषयमा लिखित सुनिश्तिता हुनासाथ सदन खुलाउन माओवादीले सहयोग गर्ने भन्ने थियो ।'

सदन खुलाउने विषयमा माओवादी सहमतितर्फ लागेपछि रास्वपा भिजिट भिसाको मुद्दामा एक्लो भएको छ । हाल संघीय सदनमा रहेका सबै प्रतिपक्ष दलहरू 'भिजिट भिसामार्फत मानव तस्करीको संगठित अपराध' सदाका लागि निराकरण गर्न छानबिन समिति बनाउने कुरामा एक ठाउँमा रहेको झाले दाबी गरे ।

## एक...

समाचार संस्था एएनआईले जनाएको छ । साथै दुर्घटनामा परी घाइते भएका ४१ जनाको उपचारका जारी रहेको पनि प्रहरीले जनाएको छ ।

भारतको नागरिक उड्डयन प्राधिकरणका अनुसार जहाजमा २ पाइलट र १० चालक दलका सदस्यसहित २४२ यात्री सवार थिए । विमानमा १६९ भारतीय, ५३ बेलायती, ७ पोर्चुगाली र १ क्यानाडाली यात्रु थिए । दुर्घटनासँगै भारत शोकमा डुबेको छ । भारतका उड्डयनमन्त्रीले अहमदाबादमा भएको दुर्घटनाबाट आफू 'स्तब्ध र विक्षिप्त' भएको बताएका छन् । एयर इन्डियाको विमानले मेडे कल जारी गरेको र 'उडानपछि तुरुन्तै दुर्घटनाग्रस्त भएको' नागरिक उड्डयन महानिर्देशनालयले बताएको छ । विमानस्थलको परिधि बाहिर विमान दुर्घटना भएको हो । भारतको गुजरात राज्यको मुख्य सहर अहमदाबादमा करिब ८० लाख मानिस बस्छन् र व्यस्त विमानस्थल घना खचाखच भरिएका आवासीय क्षेत्रहरूले घेरिएको छ । नागरिक उड्डयन महानिर्देशनालयका अनुसार विमानले खतराको सूचक 'मे डे' कल जारी गरेको थियो र उडान भरेलगत्तै विमानस्थलको परिधिबाहिर दुर्घटनाग्रस्त भएको थियो ।

भारतको राष्ट्रिय सुरक्षा निकाय सेन्ट्रल इन्डस्ट्रियल सेक्युरिटी फोर्सले सार्वजनिक गरेको तस्वीरमा विमानको पछाडिको भाग एउटा भवनमा ठोक्किएको देखिएको छ । विमान अहमदाबादको सिभिल अस्पताल र शहरको हर्स क्याम्प नजिकैको क्षेत्रमा खसेको थियो । भाग्यशाली व्यक्तिका अनुसार विमानको ११-ए सीटमा बसेका यात्रु जीवितै भेटिएका हुन् ।

४० वर्षीय बेलायती नागरिक विश्वासकुमार रमेश जिवितै भेटिएका हुन् । विश्वास परिवार भेट्न केही दिनका लागि उनी भारत आएका थिए । उनी दाजु अजयकुमार रमेशसँग बेलायत फर्कँदै थिए । 'टेकअफ भएको ३० सेकन्डमै ठूलो आवाज आयो । अनि जहाज दुर्घटना भयो । एकैछिनमा सब तहसनहस भयो', उनले भने । भारतीय मिडियाहरूका अनुसार विश्वासको उपचार अहमदाबाद सिभिल अस्पताल भइरहेको छ । सिट नम्बर ११ 'ए' मा बसेका उनको छाती, आँखा र खुट्टामा चोट लागेको छ । उनका दाजु अजय भने अर्कै लाइनमा बसेका थिए । दाजुको अवस्था कस्तो छ भन्ने अहिलेसम्म खुलेको छैन ।

विमान दुर्घटनाप्रति भारतीय राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्रीसहित विपक्षी दलका नेताहरूले दुःख व्यक्त गरेका छन् ।

राष्ट्रपति द्रोपदी मुर्मूले विमान दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै यो हृदयविदारक विपत्ति भएको बताएकी छिन् । यस्तै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि घटनालाई दुःखद भन्दै स्तब्ध तुल्याउनुका जनाएका छन् । त्यसैगरी, कांग्रेस संसदीय दलकी अध्यक्ष सोनिया गान्धी, कांग्रेस सांसद तथा लोकसभामा प्रतिपक्षका नेता राहुल गान्धीले पनि दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् ।

### दुर्घटनाको शृङ्खला

भारतले घातक हवाई दुर्घटनाहरूको शृङ्खलाको सामना गरेको छ । यसमा सन् १९९६ को दुर्घटना पनि समावेश छ । त्यसबेला दुईवटा जेट नयाँदिल्लीको आकाशमाथि हावामा ठोक्किँदा ३५० जनाको मृत्यु भएको थियो ।

सन् २०१० मा दक्षिण पश्चिम भारतको मङ्गलोर विमानस्थलमा एयर इन्डिया एक्सप्रेसको जेट दुर्घटना भएर आगो लागेको थियो । उक्त दुर्घटनामा १६६ यात्रुको मृत्यु भएको थियो ।

प्रत्यक्षदर्शी भन्छन्-भूकम्प आएको जस्तो लाग्यो

दुर्घटनाका एक प्रत्यक्षदर्शीले दुर्घटना हुँदाको दृश्य कस्तो थियो भनेर बताएका छन् । भारतीय समाचार एजेन्सी पीटीआईलाई भने, 'म घरमा बसिरहेको थिएँ, अचानक ठुलो आवाज आयो । भूकम्प आएको जस्तो महसुस भयो । चारैतिर धुवाँ थियो । त्यहाँ धेरै लाशहरू छरिएका थिए ।' भाजपा विधायक दर्शना वाघेलाले समाचार एजेन्सी एएनआईलाई भनिन्, 'म यहाँ मेरो कार्यालयमा बसिरहेकी थिएँ । ठुलो विस्फोट भयो । जब म घटनास्थल गएँ, मैले विमान दुर्घटनाग्रस्त भएको देखेँ त्यहाँ धेरै धुवाँ थियो ।' एजेन्सीको सहयोगमा

## कसरी...

हुँदै छेकिएको र एकाएक कालो धुँवाको मुस्लो निस्किएको दृश्यमा देखिन्छ । जहाज सहरी क्षेत्रमै खसेकाले ठुलो क्षति भएको हो ।

प्रारम्भिक अनुसन्धानले विमानको इन्जिनमा आएको प्राविधिक गडबडीलाई दुर्घटनाको कारण मानिएको छ । विमानको मुख्य पाइलट सुमित सभरवाल र को-पाइलट क्याइब कुन्दर थिए ।

हालसम्म २०४ जनाको शव निकालिएको छ । निकालिएका शवहरू पूर्ण रूपमा जलेको छ । अहिले उक्त क्षेत्रमा हज्जारौं उद्धारकर्मी, सयौं दमकल र एम्बुलेन्स पनि परिचालन गरिएको भनिएको छ । जहाज दुर्घटनापछि अहमदावादको विमानस्थलमा सबै उडान तथा अवतरण रोकिएको थियो ।

दुर्घटनाग्रस्त जहाजका क्याप्टेन सुमित साभरवाल थिए । उनले नै जहाज चलाइरहेका थिए । उनीसँग ८ हजार २०० घण्टा जहाज उडाएको अनुभव रहेको जनाइएको छ । उनीसँग रहेका को-पाइलन क्लाइब कुन्दरसँग पनि ११ सय घण्टा उडाएको अनुभव थियो ।

दुर्घटनाग्रस्त जहाज बोइङ ७८७ ड्रिमलाइनर मोडलको जहाज हो । यसको उडान अवधि ४४ हजार उडान चक्र रहेको छ । यो भनेको ३०देखि ५० वर्षसम्म चल्नसक्ने भनिएको छ ।

दुर्घटनामा गुजरात राज्यका पूर्वमुख्यमन्त्री विजय रूपाणीको पनि निधन भएको छ । आफ्नी छोरीलाई भेट्न लन्डन जाँदै गर्दा उनी सवार विमान दुर्घटनामा परेको हो ।

एयर इन्डियाको यो पहिलो विमान दुर्घटना होइन, यसअघि ६ पटक ठूला दुर्घटना भएको इतिहास छ ।

सन् १९३२ मा स्थापना भएको एयर इन्डियालाई टाटा ग्रुपले २०२२ मा पुनः खरिद गरेको थियो ।

सन् १९३२ मा स्थापना भएको एयर इन्डियालाई स्थापनाकालमा टाटा एयरलाइन्स भनिन्थ्यो । सन् १९४६ मा टाटा एयरलाइन्सका नाम परिवर्तन गरी एयर इन्डिया राखिएको थियो ।

त्यसपछि एयर इन्डियालाई १९५३ मा सरकारीकरण गरियो । १९६० देखि बोइङ-७०७ विमान खरिद गरेर जेट युगमा प्रवेश गऱ्यो । जेट विमान प्रयोग गर्ने पहिलो एशियाली एयरलाइन्स रहेको बताइन्छ । २००७ मा एयर इन्डिया र इन्डियन एयरलाइन्स गाभियो ।

तर, २०२२ मा एयर इन्डियालाई पुनः टाटा ग्रुपले खरिद गऱ्यो । हाल यो टाटा ग्रुपकै स्वामित्वमा छ । एयर इन्डियाले नेपालमा समेत उडान भर्दै आएको छ ।

## नेपालद्वारा...

दुर्घटनाले आफू स्तब्ध भएको र मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन् ।

यस्तै, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् ।

## यसपटक...

विवाद नरहेका कारण केही दिनभित्र राष्ट्रियसभाबाट पनि पारित हुने स्रोतको भनाइ छ ।

विधेयकमा समेटिएका कतिपय दफा तुरुन्तै कार्यान्वयन हुने र कतिपय दफा आगामी आर्थिक वर्षदेखि कार्यान्वयन हुने गरी व्यवस्था गरिएको छ । राष्ट्रियसभाले पारित गरेपछि उक्त विधेयक प्रतिनिधिसभामा आइ सभामुखले हस्ताक्षर गरेर प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पठाउने प्रचलन रहेको छ ।

प्रतिनिधिसभाले पारित गरेको विधेयक डेढ महिनासम्म राष्ट्रियसभाबाट पारित नभएको घटनाले असार मसान्तसम्ममा राष्ट्रपतिबाट प्रमाणीकरण भइ कानुन मन्त्रालयले भाषागत शुद्धता हेरर नेपाल राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आउला त ? भन्ने जिज्ञासा कतिपय सरोकारवालाको देखिन्छ । उनीहरूले यसका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतको सक्रियता देखिनुपर्ने टिप्पणी गरेका छन् ।

## नवीकरणमा...

गर्ने संस्थाहरू एवम् खास देश पठाउनका लागि सूचीकृत भएका संस्थाहरूलाई कानुनबमोजिम तोकिएको समयावधिभित्र इजाजतपत्र अनुमतिपत्र नवीकरण गर्न आग्रह गरेको छ । म्यानपावर कम्पनीहरूको नवीकरणका लागि संस्था रहेको डिजिटल ठेगाना खुल्ने गरी गुगल प्लस कोड अनिवार्य गरेको हो । गुगल प्लस कोड उपलब्ध गराउनुपर्ने र संस्थाको वेबसाइटमा समेत अनिवार्यरूपमा राख्नुपर्ने प्रावधान गरेको हो ।

वैदेशिक रोजगार व्यवसायीले नियमितरूपमा असार मसान्तसम्म र जरिवाना तिरेर असोज मसान्तसम्ममा इजाजत नवीकरण गर्न पाउने व्यवस्था छ । हाल १ हजार ४३ म्यानपावर कम्पनी दर्ता रहेका छन् । त्यसमध्ये कतिपयले एकैपटक ३ आर्थिक वर्षको नवीकरण गराइसकेका छन् ।


**युएईमा रोजगार**

कम्पनी: NAJMAT AL RAHEEL TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृत मिति: २०८२/०६/१२ चलानी नं.: ६०२३९४५५
शहर: UAE
LT. No.: 325534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Marble / Tiles Polisher | 5 | 0 | | 1200 | ४४,६०४ | | | | | | | |
| 3. | Steel Fixer For Building | 5 | 0 | | 1200 | ४४,६०४ | | | | | | | |
| 4. | Stone Carver | 5 | 0 | | 1200 | ४४,६०४ | | | | | | | |
| 5. | Tile Layer | 5 | 0 | | 1200 | ४४,६०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

UNITED WORLD MANPOWER PVT. LTD. श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

**कुवेतमा रोजगार**

कम्पनी : EVER BAKERY CO. FOR SWEETS & PASTRIES
पूर्व स्वीकृत मिति: २०८२/०२/२९ चलानी नं.: ६०२३९४५३
शहर: Kuwait
LT. No.: 325471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Service Crew | 3 | 3 | | 130 | ५७,९४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

लाईफ लाईन ओभरसिज प्रा. लि. श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१, Mobile No: 9851040960 | 9851017534 | 9851180954
Drop your CV at Poc@lifelineoverseas.com



**बेदकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८२/०२/३०)

यस कार्यालयबाट निम्न विद्यालयका लागि प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. न | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | Construction of 2-Room Building of Janata Secondary School, Gauji, Bedkot-7, Kanchanpur JSS/NCB/BW/081/82-01 | Prasang Nirman Sewa Pvt.Ltd. Krishnapur 05 Kanchanpur | NRS. 9,63,469.28 | |
| 2. | Maintenance & Coloring Works of Shree Ghatal Secondary School, Suda, Bedkot-7, Kanchanpur GSS/NCB/BW/081/82-01 | Prasang Nirman Sewa Pvt.Ltd. Krishnapur 05 Kanchanpur | NRS. 20,59,728.76 | |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com



## विश्व बालश्रमविरुद्धको दिवस

# बालश्रम पूर्ण उन्मूलन गर्ने लक्ष्य अधुरै

**काठमाडौं/मस**–अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले सन् २०२४ मा विश्वभर झन्डै १३ करोड ८० लाख बालबालिका बाल श्रममा संलग्न रहेको प्रतिवेदन बुधबार सार्वजनिक गरेका छन्। जसमध्ये ५ करोड ४० लाखभन्दा बढी बालबालिका स्वास्थ्य, सुरक्षा वा मानसिक विकासमा गम्भीर असर पार्ने जोखिमयुक्त काममा संलग्न रहेको उल्लेख छ।

सन् २०२० यता २ करोड २० लाख बालबालिका बाल श्रमबाट मुक्त भए पनि सन् २०२५ सम्म बाल श्रमको पूर्ण उन्मूलन गर्ने विश्व लक्ष्य भने अधुरै रहेको प्रतिवेदनको निष्कर्ष छ।

'बाल श्रम : विश्वव्यापी अनुमान २०२४, प्रवृत्तिहरू र भावी बाटो' नामक प्रतिवेदन विश्व बाल श्रम विरोधी दिवसको पूर्वसन्ध्यामा सार्वजनिक गरिएको हो। प्रतिवेदनले केही उपलब्धि भए पनि बालबालिकाको अधिकार अझै गुमिरहेको यथार्थ उजागर गरेको छ। 'बालबालिकाको स्थान विद्यालय हो, श्रम होइन। अभिभावकलाई मर्यादित रोजगार बिना बाल श्रम अन्त्य गर्न सकिँदैन,' आईएलओका महानिर्देशक गिल्बर्ट एफ. हाउंग्बोले भनेका छन्।



प्रतिवेदनको तथ्यांकअनुसार बाल श्रमको ६१ प्रतिशत कृषि क्षेत्रमा रहेको छ। त्यसपछि सेवा क्षेत्र (२७ प्रतिशत) र उद्योग (१३ प्रतिशत) मा बालबालिका कार्यरत देखिन्छन्। सबैभन्दा ठूलो प्रगति एसिया र प्रशान्त क्षेत्रमा देखिएको छ, जहाँ सन् २०२० मा ४ करोड ९० लाख बाल श्रमिक थिए भने हाल २ करोड ८० लाखमा झरेका छन्। ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रमा पनि ११ प्रतिशतले कुल संख्या घटेको छ। तर, उप-सहारा अफ्रिका अझै सबैभन्दा बढी प्रभावित देखिन्छ। त्यहाँ झन्डै ८ करोड ७० लाख बालबालिका बाल श्रममा संलग्न छन्। जनसंख्या वृद्धिका कारण कुल संख्या स्थिर रहेको छ।

युनिसेफका कार्यकारी निर्देशक क्याथरिन रस्सेलले बालबालिकाले खानी, कारखाना वा खेतबारीमा होइन, विद्यालय र खेलमैदानमा समय बिताउनुपर्ने बताएकी छन्। 'सामाजिक सुरक्षा र शिक्षामा लगानी नहुँदा बालबालिका श्रममा धकेलिन्छन्,' उनको भनाइ छ।

सम्भावित विश्वव्यापी आर्थिक संकटसँगै शिक्षा, सामाजिक सुरक्षा र जीविकोपार्जनमा लगानी कटौती हुँदा बाल श्रममा पुनः वृद्धि हुने चेतावनी प्रतिवेदनमा दिइएको छ। प्रतिवेदनले गरिबी, गुणस्तरीय शिक्षाको अभाव र सामाजिक सुरक्षाको कमी बाल श्रमका मुख्य कारण रहेको उल्लेख गरेको छ।

'बाल श्रमले शिक्षा, स्वास्थ्य र भविष्यमा नकारात्मक प्रभाव पार्दछ। बालकहरू बालिकाको तुलनामा श्रममा बढी छन्, तर साप्ताहिक २१ घण्टाभन्दा बढीको घरेलु काम समावेश गर्दा बालिकाहरू बढी जोखिममा देखिन्छन्,' प्रतिवेदनमा उल्लेख छ।

आईएलओ र युनिसेफले बाल श्रम उन्मूलनका लागि सामाजिक सुरक्षा प्रणालीमा लगानी गरी बाल भत्ताको व्यवस्था गर्न सरकारलाई आग्रह गरेका छन्। 'बाल संरक्षण प्रणाली सुदृढ गरी जोखिममा परेका बालबालिकाको पहिचान र पुनःस्थापना गर्नुपर्छ। ग्रामीण तथा संकटग्रस्त क्षेत्रमा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित हुनुपर्छ। वयस्क र युवाका लागि मर्यादित रोजगारी सुनिश्चित गर्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ, 'कानुनको कार्यान्वयन र व्यवसायको उत्तरदायित्व सुनिश्चित गर्दै आपूर्ति शृंखलाबाट बाल श्रम हटाउनुपर्छ।'

# सशस्त्र प्रहरीलाई गोताखोर सामग्री प्रदान

**काठमाडौं/मस**– अमेरिकामा डुबेर १९ वर्षीय दाजु गुमाउनुको पीडालाई शक्तिमा बदल्दै एक बहिनीको पहलमा स्थापित फाउन्डेसनले सशस्त्र प्रहरी बललाई अत्याधुनिक गोताखोर तथा उद्धार सामग्री हस्तान्तरण गरेको छ।

बुधबार राजधानीमा आयोजित एक कार्यक्रममा हिकारु गौतम फाउन्डेसनले सशस्त्र प्रहरीको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त सामग्री प्रदान गरेको हो। कार्यक्रममा सभामुख देवराज घिमिरेको पनि उपस्थिति थियो। २०७७ सालमा अमेरिकाको टेक्सासमा माछा मार्ने क्रममा डुबेर निधन भएका हिकारु गौतमको सम्झनामा उनकी बहिनी सोनिया गौतमको अग्रसरतामा फाउन्डेसन स्थापना गरिएको हो। बहिनी सोनियाले 'गो फन्ड मी' अभियानमार्फत अमेरिकामा रहेका ३८ जना दाताहरूको सहयोगमा उद्धार




सामग्री खरिद गरी हस्तान्तरण गरिएको जानकारी दिइन्। 'दाजु गुमाउँदाको पीडालाई सामाजिक सेवामा बदल्ने हाम्रो प्रयास हो, उनले भनिन्, 'नेपालमा पानीजन्य विपद्मा कसैले ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो चाहना हो।' सशस्त्र प्रहरी बलका निमित्त महानिरीक्षक नारायणदत्त पौडेलले दुःखद पृष्ठभूमिबाट जन्मिएको संस्थाले गरेको यस सुखद् र प्रशंसनीय कार्य भएको सुनाए।

हालै कोशी नदीमा २ गोताखोर गुमाएको र आगामी मनसुनमा बाढीपहिरोको जोखिम उच्च रहेको सन्दर्भमा प्राप्त सामग्रीले विपद् प्रतिकार्यमा ठूलो सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे। पौडेलका अनुसार सशस्त्र प्रहरीसँग हाल १२८ जना व्यावसायिक गोताखोर, २५ सय विशेष तालिमप्राप्त जनशक्ति र ३७ हजारको फौज विपद् उद्धारका लागि तयारी अवस्थामा छ। फाउन्डेसनले कोभिडकालदेखि नै नेपालका विभिन्न अस्पताल, विद्यालय र समुदायमा सहयोग गर्दै आएको अध्यक्ष कमल चौलागाईंले जानकारी दिए।

# सवारी दुर्घटनामा १ जनाको मृत्यु स्थानीयद्वारा सडक अवरोध



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ जेठ

रौतहटको चन्द्रपुर १ मंगलपुरस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा बिहीबार बिहान सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३२ वर्षीय बुद्ध लिम्बु रहेका छन्।

पश्चिमबाट पूर्व तर्फ जाँदै गरेको नम्बर नखुलेको सवारी साधनले लिम्बुलाई ठक्कर दिएको थियो। चन्द्रपुर १ का वडाध्यक्ष बलराम राउतका अनुसार ठक्करबाट लिम्बुको घटनास्थलमै मृत्यु भएको हो।

सवारी साधनको पहिचान नहुँदा स्थानीयहरूले घटनास्थलमा शव राखेर राजमार्ग अवरुद्ध गरेका थिए। २४ घण्टाभित्र ठक्कर दिने सवारी साधनको पहिचान गर्ने सहमति भएपछि राजमार्ग पुनः सञ्चालनमा ल्याइएको वडाध्यक्ष राउतले जानकारी दिए।

घटना घटेपछि राजमार्गमा ट्राफिक अवरुद्ध भएको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख लोकेन्द्र अधिकारीका अनुसार सहमतिपछि सवारी साधनहरू सामान्य रूपमा सञ्चालनमा रहेको र ठक्कर दिने सवारी साधनको खोजी कार्य जारी रहेको छ। प्रहरीले घटनामा संलग्न सवारी साधनको पहिचानका लागि अनुसन्धान तीव्र पारेको छ।

# फोहोरमैला व्यवस्थापन गर्न निःशुल्क कार्ड वितरण

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २९ जेठ

फोहोरमैला व्यवस्थापनका लागि जयपृथ्वी नगरपालिकाले मुख्य तीन बजार क्षेत्रमा निःशुल्क कार्ड वितरण अगाडि बढाएको छ। नगरपालिकाभित्र पर्ने मुख्य बजार क्षेत्र सदरमुकाम चैनपुरबजार, सिमखेत बजार र भोपुर बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्ड वितरणका लागि कर्मचारी खटाइएको छ।

फोहोरमैला व्यवस्थापनका लागि नगरपालिका भित्रका मुख्य बजार क्षेत्रहरुका व्यवसायी, उद्यमी, आवासीय क्षेत्रका घरधुरीको लगत संकलन गरी कार्ड वितरणको कार्य भइरहेको नगरपालिकाको फोहरमैला व्यवस्थापन शाखाका प्रमुख तेज बहादुर सिंहले बताए।




उनका अनुसार कार्ड वितरणका लागि केही दिनदेखि आफुहरु खटिएको र नगरपालिकाको आन्तरिक आय बढाउन र फोहोरमैलालाई थप व्यवस्थित बनाउन यस कार्यलाई अगाडि बढाइएको छ। नगरपालिकाले फोहोरमैला संकलन गरेबापत उठाउने राजस्वबाट नगरपालिकाले फोहरमैला व्यवस्थापनका क्षेत्रमा खर्च गर्ने भएको छ। फोहोरमैला व्यवस्थापनको कार्यले नगरपालिकाभित्रका बजारको सौन्दर्य बढ्नुका साथै फोहोर मैलाकै दुर्गन्धका कारण हुने रोगव्याधीको समस्या पनि हट्ने नगर प्रमुख चेतराज बजालले बताए।

# शुभकालिका गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २९ जेठ

कालीकोटको शुभकालिका गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ।

'श्रोतको उपयोग स्वामित्व र सहभागीता पूर्णखोप पालिका हाम्रो प्रतिबद्वता' भन्ने मुल नाराका साथ गाउँपालिकाकी उपाध्यक्ष धर्मकला शाहीको अध्यक्षतामा पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो।

कार्यक्रममा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख गणेश बहादुर शाहीले पूर्णखोप सुनिश्चितता जनसंख्याको सबै वर्गलाई आवश्यक पर्ने सम्पूर्ण खोपहरू उपलब्ध गराइ सुनिश्चितता घोषणा गरिएको बताए। यस कार्य (खोप सुनिश्चितता) लाई दीर्घकालीन रूपमा गाउँपालिकाले निरन्तरता दिने प्रतिबद्धता गरेको उनले बताए।

सबै चरणहरूमा खोप छुटेका बालबालिकालाई वैशाख ३१ गते खोप लगाइएको थियो। यस्तै ८ वटै वडाहरूलाई पूर्णखोप सुनिश्चितता




तथा दीगोपना घोषणा गरी अन्तिम चरणमा पालिका घोषणा गर्न लागेको उनले बताए।

पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने वडाहरूलाई कार्यक्रममा प्रशंसा पत्रसहित सम्मान गरिएको थियो।

जिल्ला समन्वय समितिकी उपप्रमुख मिना रावल (विश्वकर्मा) को प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्वास्थ्य सेवा कार्यालय कालीकोटका सूचना अधिकारी कटक महतको विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रममा ५ वडाध्यक्ष मिमबहादुर शाही, ८ का वडाध्यक्ष दिपराज महतारा, शुभकालिका गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत केन्द्रबहादुर शाही, विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधि, विभिन्न वडाका वडाअध्यक्ष, स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै गाउँपालिकाकी उपाध्यक्ष शाहीले गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा नाममा मात्र सीमित नराख्ने बताइन्। पालिका स्तरबाट नमुना सर्वेक्षण गरी छुटेका बालबालिकाहरूलाई पुनःखोप लगाइ घोषणा गरिएको बताइन्।

जिल्ला समन्वय समितिकी उपप्रमुख रावल (विश्वकर्मा)ले गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा हुनु आफैमा गर्वको विषय रहेको बताइन्।

कार्यक्रममा बोल्दै सूचना अधिकारी कटक महतले पुर्णखोप सुनिश्चितता केवल तथ्यांकमा सीमित हुन नहुने बताए।

# पशुपालन क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै सन्धिखर्क

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ जेठ

सन्धिखर्क नगरपालिका वडा नम्बर ८ का पशुपति खत्रीले पालेका बाखामा एकाएक पातलो दिसा हुने र मुख पाक्ने समस्या देखियो। नजिकै पशुको उपचार गर्ने ठाउँ थिएन, तर पशुपतिले हार मानेनन्। उनले सिँधै सन्धिखर्क नगरपालिकामा फोन गरे। फोन गरेको केही समयमै नगरपालिकाबाट पशु चिकित्सक घरमै आइपुगे। तत्काल उपचार भयो।

'नगरपालिकाबाट तत्कालै पशु चिकित्सकहरु नआएको भए अरु बाखामा पनि मर्न सक्थ्यो,' पशुपतिले भने,'समयमै उपचार भएपछि समस्या फैलिन पाएन।'

गोपाल व्यावसायिक रूपमा बाखा पालन गर्छन्। यस्तो बेलामा घरमै सेवा पाउँदा न त झन्झट भयो, न त थप खर्चै लाग्यो।

सन्धिखर्क नगरपालिका वडा नम्बर ५ का किसान प्रकाश थापाले पनि पशु सेवा घरमै पाएका छन्। प्रकाश भन्छन्, 'बाखामा समस्या देखिएपछि पालिकामा सम्पर्क गर्दा तुरुन्तै पशु चिकित्सक आइपुगे। घरमै उपचार हुँदा समय र खर्च दुवै बचत भयो।'

सन्धिखर्क नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा पनि कृषि क्षेत्रलाई



उच्च प्राथमिकतामा राखेको छ। कृषितर्फ गत वर्ष एक करोड बढी रुपैयाँ बजेट विनियोजन गरिएको थियो।

नगरपालिकाले घरघरमै पुगेर पशुपन्छीको उपचार सेवा सुरु गरेपछि किसानहरूमा उत्साह देखिएको नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए।

उनले भने,'हामीले वार्षिक कार्यक्रम बनाएर पशु सेवा घरघरमै पुऱ्याइरहेका छौं। किसानलाई घरमै सेवा दिन पाउँदा हामी पनि खुसी छौं।' स्थानीय सरकारले काम जनतालाई सहज र सरल ढंगले सेवा दिनु भएको भन्दै उनले भने, 'पालिकाले घरघरमै पुगेर सेवा दिँदा यहाँका किसानलाई पशुपन्छी पालन व्यवसायमा अझ बढी हौसला प्रदान गरेको छ।' यहाँका अधिकांश किसान पशुपालनमा आश्रित छन्। वरपर जङ्गल र घाँसे मैदानले पशुपालनलाई सहज बनाएको छ। तर, पशुपन्छी बिरामी हुँदा समयमै उपचार नपाउँदा ठूलो क्षति हुन सक्ने जोखिम रहेकोले डोरटुडोर अभियान सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताए।

सन्धिखर्क नगरपालिकामा पशुपालन व्यवसाय तीव्र रूपमा फस्टाउँदै गएको छ। यहाँका किसानहरू, विशेषतः महिलाहरू, बाखा पालन, गाईपालन, भैंसीपालन, कुखुरा पालन, बंगुरपालनजस्ता व्यवसायमा संलग्न छन्, जसले उनीहरूलाई आत्मनिर्भर बनाउँदै लगेको नगरपालिका पशु शाखाले जनाएको छ।

नगरपालिकाका १२ वडामा पशुपालनले किसानहरूको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको नगरपालिकाका योजना अधिकृत दिलिप केसीले बताए। अहिले नगरपालिकाभित्र महिला पुरुषको सक्रिय सहभागिताले समुदायमा आर्थिक सशक्तीकरण र आत्मनिर्भरता बढेको योजना अधिकृत केसीले दाबी गरे।

आम्दानीको सदुपयोगले शिक्षा, स्वास्थ्यको क्षेत्रमा सकारात्मक प्रभाव पारिरहेको नगरपालिकाका पशु चिकित्सक डाक्टर नवीन पन्थीले बताए।

जिल्लाकै सबैभन्दा धेरै पशुपालन हुने पालिका शितगङ्गा नगरपालिका हो। अर्घाखाँची जिल्लाबाट वार्षिक पाँच/सात करोड रुपैयाँभन्दा बढीको पशुपन्छीको कारोबार हुने गरेको जिल्ला समन्वय प्रमुख जीवनारायण कोईरालाले बताए।

पशुपालनबाट प्राप्त आम्दानी किसानहरूले विभिन्न आवश्यकताहरूमा खर्च गर्न सहज भएको सन्धिखर्क १२ का बाखा पालक किसान गोपाल बस्यालले बताए। पालिकाले योसँगै विभिन्न समयमा पशुपन्छीको उपचारका लागि शिविर समेत राख्ने गरेको पशु प्राविधिक बुद्धि गौतमले बताए। फिल्डमै जाँदा कतिपय किसान छुट्न सक्ने भएकाले वडामा शिविरहरू पनि गर्ने गरिएको नगरपालिकाका शाखा अधिकृत मन्जु खनालले बताइन्।


**कतारमा रोजगार**
कम्पनी: Golden Nails Landscape & Irrigation — शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८२/०२/२९ — चलानी नं.: ६०२३९४६३ — LT. No.: 325522

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | IRRIGATE WORKER (HELPER) | 5 | 0 | | 1000 | ३७,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएई रु. १०,००० कामदारले कतार निशुल्क |

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल–९, काठमाडौं, नेपाल, फोन: ०१– ४४९९७६३, ४४७८३३५, ९८२३२४४९७७

**कुवेतमा रोजगार**
कम्पनी: BLUSH UNITED COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/२९ — चलानी नं.: ६०२३९४६४ — LT. No.: 325501

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६६,८६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 3 | | 150 | ६६,८६१ | | | | | | | |
| 3. | MANICURE/PEDICURE | 0 | 2 | | 150 | ६६,८६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**Europe को Cyprus मा महिला/पुरुषहरुलाई रोजगार**
MAVROMATIS Employment Bureau Ltd — Mavromatis Employment Bureau Ltd.
पूर्व स्वीकृती मिति: २०८२/२/२९ — चलानी नं. ६०२३९३९५ — LT.No. 325467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|---|
| १. | Cook | 5 | 0 | काममा दक्ष | 800 | १,२५,२७१।- |
| २. | Housekeeper/Chambermaid | 5 | 5 | | 700 | १,०९,६१२।- |
| ३. | Kitchen Helper/Cleaner | 10 | 0 | | 700 | १,०९,६१२।- |

पूर्व स्वीकृती मिति: २०८२/२/२९ — चलानी नं. ६०२३९३९६ — LT.No. 325465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|---|
| १. | Chamber Maids | 5 | 5 | काममा दक्ष | 700 | १,०९,६१२।- |
| २. | Food Handler | 5 | 0 | | 700 | १,०९,६१२।- |
| ३. | Porter | 5 | 0 | | 700 | १,०९,६१२।- |
| ४. | Spa Therapist | 0 | 5 | | 800 | १,२५,२७१।- |

Note: यसै कम्पनीको लागि Continental Chef, Barista, Bartender, Pastry Chef, Lifeguard हरुको पनि आवश्यक भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तरवार्ता २०८२ असार ६ गते (20 June, 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com — info@aarohihrsolutions.com
01-4961807, 4962925 — 9851067941, 9801081902
BRANCH OFFICE: Chitwan: 056-514109, +977 9802899323, Pokhara: 061-591364, +977 9765652471

मध्यान्ह
www.madhyanhadaily.com
३० जेठ २०८२ शुक्रबार
13 June 2025, Friday

सम्पादकीय

## उमेर हदको राजनीति

सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) पंक्तिमा सक्रिय राजनीतिको उमेर हद यतिबेला छलफलको विषय बनेको छ । प्रधानमन्त्री केपी शर्मा ओली तेस्रोपटक पनि एमाले अध्यक्ष बन्ने आँकलन भइरहँदा पार्टी नेतृत्व पंक्तिबाटै उमेर हदको एजेन्डा सार्वजनिक भएको हो ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी विधानमा रहेको ७० वर्षे उमेर हदको व्यवस्था कायमै राख्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । सँगै कार्यकारी पद (पदाधिकारीमा) मा लगातार दुई कार्यकाल भन्दा बढी बस्न नपाइने पार्टी विधानको व्यवस्था पनि कायमै राख्नुपर्ने पोखरेलको तर्क छ । एमाले राजनीतिमा वरिष्ठ उपाध्यक्ष पोखरेलको अभिव्यक्तिलाई अर्थपूर्ण रूपमा हेरिएको छ । किनकि उनी यो पार्टीका संस्थापक नेता हुन्, र एउटै पदमा दुईपटक मात्र बस्न पाइने पार्टी विधानको व्यवस्था मानेर महासचिव पद छोडेका थिए ।

उनै नेता पोखरेलसहितका पंक्तिले उमेर हद र एउटै पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाइने व्यवस्था सम्झाएका छन् । आगामी भदौ तेस्रो साता विधान महाधिवेशनको मिति तय भएकाले यो एजेन्डा एमालेभित्र पेचिलो बन्ने देखिएको छ । किनकि यो एजेन्डाकै कारण एमालेका भावी नेतृत्व तय हुनेछ ।

यदि पार्टी विधानको धारा ६४ मा रहेको व्यवस्था कायमै रहे प्रधानमन्त्री ओलीले एमाले अध्यक्ष छोड्नुपर्नेछ । किनकि उमेरले ७४ वर्ष पुगेका ओली दुईपटक एमाले अध्यक्ष भइसकेका छन् । तर विधानको उक्त व्यवस्था खारेज गरेर जाने प्रष्ट संकेत ओलीले दिइसकेका छन् । त्यसैले यो एजेन्डा एमालेभित्र पेचिलो बन्ने देखिन्छ ।

ओली निकटका नेताहरूले पार्टी र एमाले विरोधीहरूले उमेर हदको विषय उठाएको तर्क गर्न थालेका छन् । तर अर्को पक्षले एमाले जोगाउन पनि पार्टी विधानको यो व्यवस्था कायमै राख्नुपर्ने तर्क गरेका छन् । उनीहरूका भनाइमा युवा पुस्तामा एमालेको आकर्षण कायमै राख्न पनि नेतृत्व परिवर्तनको आवश्यकता छ । यो दुई खाले संघर्षमा कुन पक्ष निर्णायक हुन्छ भन्ने विधान महाधिवेशनबाट प्रष्ट हुनेछ । तर नेपाली राजनीतिमा यो बहस अरू पार्टीहरूमा पनि आवश्यक देखिन्छ । किनकि अहिले प्रमुख दलका नेतृत्व लगभग सीमित नेताहरूको कब्जामा छ । सीमित व्यक्तिको कब्जामा हुने शासन प्रणाली लोकतन्त्र होइन । तसर्थ लोकतन्त्रलाई बलियो बनाउन पनि एमालेमा यो बहस आवश्यक छ ।

# देशभक्ति र लोकतन्त्र

अग्रलेख



● विकेश श्रेष्ठ

लोकतन्त्रको उद्देश्यको एक प्रमुख पक्ष उन्नतशील, आत्मनिर्भर समाज र देश निर्माणका निमित्त दक्ष र बौद्धिक जनशक्ति निर्माण गर्नु हो । लोकतन्त्र हरेक व्यक्तिको स्वतन्त्र विकास गर्ने राजनीतिक प्रणाली पनि हो । तर, देशभक्ति र सामाजिकता बिनाको लोकतन्त्रको विचारधाराले मानिसलाई चरम व्यक्तिवादी महत्वाकांक्षी बनाउने गर्दछ । व्यक्तिको व्यक्तित्व विकासमा लोकतन्त्रको महत्वपूर्ण भूमिका हुन्छ । जसरी एक परिवार, समाज र राष्ट्रले योग्य, शिक्षित र दक्ष नागरिक बनाउन सम्पूर्णरूपले त्याग र योगदान गर्छ, त्यसरी नै एक नागरिकले आफ्नो व्यक्तित्व, प्रतिभा र क्षमताको विकास गर्न आफ्नो परिवार, समाज - समुदायप्रति कर्तव्यनिष्ठ भएर लोकतन्त्रलाई जीवन व्यवहारमा आत्मसात् गर्नुपर्दछ । यस प्रकारको विचारमा आधारित लोकतन्त्र देशभक्ति र सामाजिक लोकतन्त्रले नै देश र जनताको हित गर्न सक्छ ।

लोकतन्त्रको विकल्प कुनै पनि रूप र रंगको तानाशाही वा नोकरशाही हुन सक्दैन । लोकतन्त्र व्यक्तिको अधिकार मात्र होइन, लोकतन्त्रको अनुभूति वा नागरिकहरूमा जागृत हुने आत्मसम्मान र कर्तव्यनिष्ठता पनि हो । जसले आफ्नो परिवार, समाज र देशप्रति गौरव गर्छ । समुदाय र राष्ट्रप्रति जवाफदेही र कर्तव्यनिष्ठ भएर लोकतन्त्रको सच्चा अनुभूति गर्छ ।

यस दृष्टिले लोकतन्त्रको मापन भनेको नागरिकको समग्ररूपले सशक्तीकरण गर्नु पनि हो । तर, यसको पहिलो आधार परिवार, समाज र देश नै हो । हरेक नागरिकले लोकतन्त्रमा वर्तमानमा गौरव गर्ने र भविष्यप्रति आशावादी बन्ने सुनिश्चितता खोजेको हुन्छ । तर, समाज र देशले बुझेको र भोगेको लोकतन्त्रबाट गरेको अपेक्षाअनुरूप भएन भने सामाजिक निराशा हाबी बन्दै जानेछ । परिवार, समाज र देश छोड्ने लहर चल्न सक्छ या अराजकता र विद्रोहको परिस्थिति बन्न पुग्छ ।

हामीले पुस्तौं संघर्ष गरेर ल्याएको लोकतन्त्रलाई बुझ्ने र लागू गर्न चुनौतीपूर्ण रहेको प्रस्ट छ । राजनीतिक दलका नेता र कार्यकर्ताहरूले बुझेको लोकतन्त्रको सार- राज्यसत्ता नै सबथोक हो । यस दृष्टिबाट उनीहरूले पार्टी/दलमा लोकतन्त्रको अभ्यास व्यक्ति केन्द्रित नोकरशाही हो । माथिबाट नोकरशाही र तलबाट चाकडी चाप्लुसी नै पार्टी/दलको केन्द्रीयता र लोकतन्त्र बनेको छ । लोकतन्त्रका महारथीहरूको यस्तो अभ्यासले नागरिकहरूले पनि त्यही प्रकारको अलोकतान्त्रिक आचरण सिक्ने र लोकतन्त्रबाट व्यक्तिगत लाभको आशा र अपेक्षा गर्नु स्वभाविक बन्न थालेको छ ।

आज लोकतन्त्रमा देशभक्ति राष्ट्रवाद अत्यन्त कमजोर बनेको छ । जसको परिणाम आजको नागरिकजनमा उसको परिवार, समाज र देशले नागरिकको व्यक्तित्व निर्माणमा सम्पूर्णरूपले समर्पण गर्‍यो, उसैको विचारमा परिवार, समाज, समुदाय र देश उसको प्राथमिकता पर्दैन । देश, समाज र परिवार हितभन्दा निजी हित र सुविधालाई सबथोक मान्ने संस्कृति र संस्कारलाई प्राथमिकता दिने परिस्थिति बन्यो । तिन/चार पुस्ताले त्याग र बलिदान दिएर प्राप्त गरेको लोकतन्त्रले कस्तो नागरिक, समाज र देश बनाउने अपेक्षा गरेका थियौं ? आजको वस्तुस्थितिले लोकतन्त्रप्रति, आदर्श मानिएको राजनैतिक प्रणाली पार्टीहरूप्रति र तिनका नेतृत्व पंक्तिप्रति निराशा छाएको छ । निश्चितरूपमा यस्तो परिस्थितिको मुख्य जिम्मेवार राजनीतिक दल र तिनका नेताहरू हुन्, जसले लोकतन्त्रलाई आफू र गुट अनुकूल व्याख्या र आचरण गरे ।

लोकतन्त्रको सबैभन्दा कमजोर पक्ष भनेको लोकतन्त्रमा देशभक्ति र सामाजिक दायित्व र जवाफदेहिताको अभाव हो । देशभक्ति बिनाको लोकतन्त्रको कारण अस्थिरता, अराजकता, अनेकता र पराधीनताको परिस्थितिलाई देशले झेल्न बाध्य छ । देशभक्ति र सामाजिक विचारले लोकतन्त्रलाई पूर्ण बनाउँछ । देशभक्ति भावनाले देशलाई एकताबद्ध र चुनौतीहरूसँग सामना गर्ने शक्ति आर्जन गर्छ । सामाजिकताको विचारले समाज र देशप्रति कर्तव्यनिष्ठ र समर्पित हुने भावना जगाउँछ । हरेक नागरिकले पहिलो देश र समाज बनाउने लोकतान्त्रिक संस्कृतिलाई उच्च प्राथमिकता बनाउँछ ।

देश त सधैं स्वतन्त्र नै रह्यो, कहिल्यै पराधीन भएन, तर देश नै घोषितरूपले विदेशीको पराधीन नभए पनि राजतन्त्र/राणाशाही वा बहुदलीय प्रजातन्त्र र लोकतन्त्रका कतिपय शासकहरू भने पराधीनताको रोगी मानसिकताका भएकै कारण देशले स्वाधीनता र स्वतन्त्रताको अनुभूति गर्न पाएको छैन । देशले आफ्नै प्राकृतिक स्रोत र मानव संशाधन आफ्नै देश र देशवासीको उन्नति र समृद्धिको निम्ति प्रयोग गर्न सकेन ।

नेपालका प्रायः शासकहरू विदेशी खासगरी पहिले अंग्रेजको छायामा र त्यस उपरान्त भारतीय राज्य सत्ताबाट अति नै दबाब र हस्तक्षेपमा सत्ता चलाउन बाध्य छन् । यथार्थतामा विगतमा नेपालका शासकहरू अंग्रेज वा भारतसँग युद्ध हारेर सरकार सञ्चालन गर्नु परेको होइन र वर्तमानमा पनि त्यो अवस्था छैन । तर, पनि हरेक सरकार भारतीय सत्ता आतंकको छायामा परिरहेकै हुन्छन् ।

यस्तो हुनुको मुख्य २ कारण छन् । पहिलो आन्तरिक कारण- आफ्नै राजनैतिक वैचारिक शक्ति तथा जनताप्रति विश्वस्त छैनन् । सँगै, उनीहरू सत्ता लोलुप छन् । राजनीतिक प्रतिस्पर्धीहरूसँग निषेधात्मक रवैया अपनाउँदा बाह्य राज्य शक्तिको आड र संरक्षणद्वारा आश्रित हुन चाहना राख्नु पनि हो । देश हितभन्दा सत्ता र शक्तिको आशक्ति प्रमुख रोजाई हुनुको कारण नेता वा शासकहरूमा पराधीनताको सोच हाबी भयो । देशको राजकीय सत्ताका अंगहरूमा बाह्य शक्ति राष्ट्रहरूको लगानी र पहुँचले समान्तर सत्ता अभ्यास र अस्थिर शासनको एक



प्रमुख कारण बनेको छ ।

दोस्रो बाह्य कारण - सन् १९५०को भारत-नेपालबिच भएको सन्धि सम्झौता हो । जुन सम्झौताले नेपालमाथि भारतको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रभुत्व कायम रहिरह्यो । त्यस सन्धी अतिरिक्त व्यापार र सुरक्षा सन्धि जल श्रोत र ऊर्जा सन्धि सम्झौता गरेर नेपाललाई स्वतन्त्र भएर सत्ता सञ्चालन र देश विकास गर्न नसक्ने अवस्थामा पुर्‍याएको छ ।

इतिहासमा शासकहरूमा पराधीन मानसिकता खासगरी राणाहरूबाटै सुरु भएको पाइन्छ । अंग्रेजहरूले नेपालको भूस्थिति र नेपालीहरूको लड्ने क्षमता देखेर नेपाललाई स्वतन्त्र राष्ट्र मान्न बाध्य भए । तर, राणा पारिवारिक शासनलाई अंग्रेज शासकहरूले उत्तर तर्फबाट हुने सुरक्षा खतरा नेपालको फौज ढाल बन्ने देखे । साथसाथै, अंग्रेज सेनामा नेपाली जवानहरूको भर्ती केन्द्र सुरु गरेर भाडाका सेना सहजै आपूर्ति गरे वा भारत (लखनउ विद्रोह) स्वतन्त्र संग्रामको दमन गरेर वा अंग्रेज शासनको पतनलाई रोक्न नेपालको तर्फबाट बफादारी देखाए ।

सामान्यतः यी घटनाहरू इतिहासको विवरण मात्र होइन, यसले स्थापित गरेको राजनीतिक, सैनिक, आर्थिक र सामाजिक - सांस्कृतिकरूपले दूरगामी प्रभाव पारिरहेको छ । आजको दिनमा त्यसले पारेको प्रभावबाट नेपाली समाज वा नागरिकहरूको देशभक्तिको रोजाई त्यागेर सत्ता केन्द्रित मोहले मालिक भक्तिको मनोविज्ञान निर्माण हुने गरेको छ ।

निश्चय नै तत्कालीन कम्युनिस्ट पार्टीले १९५० को सन्धि र गोरखा भर्ती केन्द्रको विरोध गर्दै आएको हो । जनयुद्धको विकास र विस्तारमा देशभक्ति र राष्ट्रवादप्रति समर्पणको भावनाले उल्लेख्य वैचारिक ऊर्जा प्रदान गरेको थियो । विडम्बना कै कुरा हो कि नेपालको समग्र प्रजातान्त्रिक/लोकतान्त्रिक आन्दोलनमा देशभक्ति र राष्ट्रवादको धार र धारणा हदैसम्म कमजोर रहिरह्यो ।

जति-जति बेला शासकहरूमा देशभक्ति जागेको बखत जनतामा पनि राष्ट्रवाद जागेको थियो, अंग्रेज साम्राज्यसँग या चिनियाँ सम्राटको साम्राज्यसँग युद्धमा शासक र जनता दुबैमा देशभक्ति उच्च थियो । राणाशाहीतन्त्रले रोपेको अंग्रेजको गुलामी १०४ वर्ष शासन कायम रह्यो । अन्तिम राणा शाही प्रधानमन्त्री र राणाशाहीतन्त्रबाट मुक्त हुन चाहेका राजा त्रिभुवन शाहले भर्खरै राज्य सत्ता सम्हालेका भारतीय शासकहरूको पराधीनताको हदैसम्मको गुलामी गरेका हुन् । नेपालको तर्फबाट सम्झौतामा सहभागी हुने राणा प्रधानमन्त्री र राजा त्रिभुवनले गरेको सन् १९५० को सन्धिको परिणाम हालसम्म देशको अर्थराजनीतिमा भारतको हेपाई र चेपाइको प्रभाव परिरहेको छ । सन् १९५०को सन्धि गरेर नेपालको स्वतन्त्र अस्तित्व समाप्त पार्ने काम गरेकै हुन् ।

यद्यपि, राजा महेन्द्रले सन् १९५० सन्धि सच्याउन हदैसम्मको भूमिका गरे । त्यो राष्ट्रघाती सन्धिबाट देशलाई स्वाधीन राष्ट्रको रूपमा विश्वमा चिनाउन राष्ट्रवादको झन्डा उठाए । अन्तर्राष्ट्रिय जगतमा नेपाल स्वतन्त्र नै रहेको सन्देश दिए । त्यसैगरी राजा वीरेन्द्रले पनि नेपाललाई स्वतन्त्र राष्ट्रको पहिचान बनाई राख्न 'शान्ति क्षेत्र नेपाल' प्रस्ताव विश्व समक्ष प्रस्तुत गरेर देशलाई स्वतन्त्र देश भएको सन्देश दिँदै रहे । जसरी राजा महेन्द्रको मृत्यु दरबारियाहरूको विदेशी पराधीनता र दलालीको कारण भयो, त्यसैगरी राजा वीरेन्द्रको वंशनाश उनकै भाइभारदे राजसंस्था र देशभक्त राजामाथि गद्दारी गरेर राजसंस्था नै समाप्त पारे । यो कार्यमा विदेशी गुप्तचर संस्थाहरूद्वारा प्रायोजित तत्कालीन शाही सेनाका प्रमुख प्रज्ज्वल शमशेर राणाको सेनामा प्रत्यक्ष कमान हुँदाका बखत भयो । दरबारभित्रबाटै द्रोहीबाट देशभक्तहरू माथि आक्रमण हुँदा पनि दल र तिनकी नेताहरू तै चुप मै चुप हुनु, त्यो बीभत्स, जघन्य र राष्ट्रद्रोही अपराधलाई आममाफ गर्नुले लोकतन्त्रको अवस्थामाथि

> *राष्ट्रवादको प्रश्न सन्धि सम्झौताको समर्थन र विरोधले मात्र जनाउँदैन, जनताको दैनिक जीवन र जीविकाको विषयमा राज्य कति गम्भीर छन् भन्ने कुराले पनि जनाउँछ । देशको नीति निर्माताहरूले आत्मनिर्भरताको निम्ति के-कस्तो नीति निर्माण र निर्णय गर्छन् भन्ने कुराले पनि बताउँछ...*

प्रश्न उठेको छ । जो र जसले देशहितको पक्षमा उभिए ती कोही कसैको पनि सहज र स्वभाविक मृत्युवरण र पतन भएको छैन । यसकारण देशको नेतृत्व गर्न चाहनेहरूले देशभक्तिको उदाहरण बन्ने कि मालिक भक्त भएर सत्तामा टिकिरहने चुनौती बनेको छ ।

इतिहासका जननायक भीमदत्त देशभक्तिका पहिलो नायक हुन् । शान्ति र गणतन्त्र नेपाल स्थापनाका एक प्रमुख नेता गिरिजा प्रसाद कोइरालाको योगदान पनि राष्ट्रवादको एउटा ज्वलन्त नमुना हुन् । जसले शान्ति र गणतन्त्र स्थापना प्रक्रियाको अगुवाइ गरेर वैदेशिक हस्तक्षेपको प्रवाह नगरी राजनीतिक परिवर्तन गर्न राजनैतिक रूपले विवेक र साहसको उदाहरण बनेकै हो । संघीय गणतन्त्रको संविधान जारी गर्न आँट गर्ने सुशील कोइराला पनि देशहीतमा निर्णय गर्न रोकिएनन् । नेताहरू पटका पिच्छे सत्तासीन हुँदा समेत राष्ट्रियताका मुद्दामा झन् झन् लत्रँदै, देशभक्तिपन खस्कँदै गरेको आभास जनताले गरेका छन् । उदाहरण, महाकाली र एमसीसी जस्ता सन्धी हुन् ।

यद्यपि, देशभक्ति र राष्ट्रवादको कुरा उग्र नारा र लम्फाजीले गर्ने देशको स्वतन्त्रता प्राप्त भएन र हुँदैन पनि । मुख्य कुरा, मुख्य नेता वा सरकार राष्ट्र प्रमुखहरूले राष्ट्रिय हितमा शिर ठाडो बनाएर अडान लिनुपर्ने हो । देश र राष्ट्र हितको निम्ति सत्ता नै किन जस्तोसुकै अप्ठेरो र संकटको सामना गर्न आफू र जन समुदायलाई तयार पार्नुपर्ने हो । असमान र राष्ट्रघाती सन्धि सम्झौताहरू एकतर्फी रूपले नै खारेज गरेर समान हितको आधारमा नयाँ सन्धि सम्झौता र सम्बन्ध बनाउन जस्तो सुकै भूमिका पूरा गर्न तयार हुनुपर्ने हो ।

राष्ट्रवादको प्रश्न सन्धि सम्झौताको समर्थन र विरोधले मात्र जनाउँदैन । जनताको दैनिक जीवन र जीविकाको विषयमा राज्य कति गम्भीर छन् भन्ने कुराले पनि जनाउँछ । देशको नीति निर्माताहरूले आत्मनिर्भरताको निम्ति के-कस्तो नीति निर्माण र निर्णय गर्छन् भन्ने कुराले पनि बताउँछ । देशको दक्ष र बौद्धिक जन शक्ति निर्माणमा कति जिम्मेवार छन् र देश निर्माणमा आफ्नै जनशक्तिमा कति भरपर्छन् भन्नेमा पनि राष्ट्रवाद देखिनेछ । नीति कार्यक्रम र बजेटमा आत्म निर्भरता, स्वदेशी उत्पादन र जनताको उत्पादकत्व बृद्धि गर्न कति योगदान पुर्‍यायो कि त्यसको ठिक विपरीत कार्य गर्‍यो भन्ने पनि देखिन्छन् । वास्तविकता भने राष्ट्रिय आत्म समर्पण, परनिर्भरता र राष्ट्रिय पलायनको दिशामा प्रायः सबै सरकारहरू निरन्तर ओरालो लाग्दै छ । यसबाट पनि लोकतन्त्रलाई आघात पुर्‍याएको छ ।

लोकतन्त्र र देशभक्ति राष्ट्रवाद एक सिक्काको २ पाटो हुन् । लोकतन्त्र बिनाको राष्ट्रवाद र देशभक्ति बिनाको लोकतन्त्रले देशलाई हालको चुनौतीपूर्ण अवस्थामा पुर्‍याएको तथ्य आत्मसात् गर्नुपर्ने बेला हो यो । लोकतन्त्र देशभक्ति राष्ट्रवादको जगमा हुनुपर्छ । वर्तमानमा लोकतन्त्रलाई देशभक्ति राष्ट्रवादको आधारमा उन्नत गर्न, असफल राष्ट्र हुनबाट जोगिन र देशलाई एकताबद्ध गर्न देशभक्तिपूर्ण जागरणको खाँचो छ ।

## इतिहासमा आज

१३ जुन २०१८ मा जर्मन सरकारले चर्चित कार निर्माता कम्पनी फक्सवागनलाई १ अर्ब यूरो जरिवाना तिराउने निर्णय गरेको थियो । कम्पनीले कार बनाउँदा प्रदुषणलगायतका मापदण्ड तोकेको बताएको थियो ।



१३ जुन २००२ मा संयुक्त राज्य अमेरिका ब्यालिस्टिक क्षेप्यास्त्र विरोधी सन्धिबाट बाहिरिएको थियो ।



१३ जुन २००५ मा १९९३ मा एक बच्चालाई यौन दुर्व्यवहार गरेको आरोपमा पप गायक माइकल ज्याक्सनले सफाइ पाएका थिए ।



१३ जुन २०२३ मा नाइजेरियाको क्वारा राज्यको नाइजर नदीमा विवाह समारोहको डुङ्गा पल्टिँदा कम्तिमा १०० जनाको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



**हरि रोका**

मान्छे बेचेर देश धनी हुने भए जुद्ध शमशेरकै पालोमा पुग्दा नै धनी भइन्थ्यो, विद्वानहरूले उहीले लेखे, भने । सायद बेसोहीमा अहिले देउवा बरबराए छन् । अहिले नि परराष्ट्र र श्रम मन्त्रीको काम विदेशमा श्रम गन्तव्य खोज्ने हो । जबसम्म मान्छे बेचेर कूत असुल्ने बतासे नेतृत्व रहन्छ, देशले निकास पाउन्न ।



**डम्बर खतिवडा**

आम नागरिकमा नेतृत्व हस्तान्तरण-पुस्तान्तरणको चाहना तीव्र भएको बेला उमेर हद र २ कार्यकालको प्रावधान हटाएर अध्यक्षमा तेहरिने ओलीको चाहना र २ कार्यकाल संवैधानिक राष्ट्रपति भइसकेर विदेशीको उक्साहट- आडमा दलीय राजनीतिमा फर्किने विद्या भण्डारीको प्रयास दुवै अनैतिक र असंगत हुन् ।



**रोशन सिवाकोटी**

पञ्चायतमा वाक प्रेस स्वतन्त्रता सीमित थियो, २०४७को संविधानले पूर्ण वाक प्रेस स्वतन्त्रता दिएको थियो । अहिले साइबर कानुनको नाममा कुनै पनि बेला आफ्ना विरोधीलाई थुन्ने, दुःख दिने पत्रु कानुन छ । दिल भूषण पाठकको वारेन्ट हल्ला होला भन्ठान्या, साँच्चिकै पो रहेछ । गणेहरू एक आपसमा लडेरै सिद्धिने भए !



**सञ्जिव सतगैन्या**

पत्रकारितामा समस्या छन्, सुधार गर्नुपर्ने ठाउँ धेरै छन् । तर, जतासुकै साइबर ल नै जोड्ने, पक्राउ गर्ने, गर्न खोज्ने प्रवृत्ति गलत छ । अझ शक्तिको आडमा गर्ने यस्ता अभ्यास झनै खतरनाक छ । यो सुट द मेसेन्जर अटिच्युड र अप्रोच प्रत्युत्पादक हुनेछ । सबैले आ-आफ्नो ठाउँबाट सोचे हुने ।

# लोकतन्त्रको अनुभूति कसरी गराउने ?

विचार



● रूपा अर्याल

> *कागजमा उल्लेख भएको अधिकारले मात्रै नागरिकले लोकतन्त्रको स्वाद पाउँदैनन् । लोकतन्त्रको वास्तविक अनुभूति त तब मात्र सम्भव हुन्छ, जब जनताले तिनको हकलाई व्यवहारिकरूपमा महसुस गर्न सक्छन्...*

लोकतन्त्र केवल एक शासन प्रणाली मात्र होइन, यो एक जीवनशैली हो जसले नागरिकलाई विचार, अभिव्यक्ति र सहभागिताको स्वतन्त्रता दिन्छ । तर, कागजमा उल्लेख भएको अधिकारले मात्रै नागरिकले लोकतन्त्रको स्वाद पाउँदैनन् । लोकतन्त्रको वास्तविक अनुभूति त तब मात्र सम्भव हुन्छ, जब जनताले तिनको हकलाई व्यवहारिकरूपमा महसुस गर्न सक्छन् ।

लोकतन्त्रको अनुभूति गराउने पहिलो माध्यम हो - सुशासन । जनताले राज्यबाट आवश्यक सेवा सहज र निष्पक्ष रूपमा पाए भने उनीहरूलाई लाग्छ- हामी शासनमा छौं । सरकारी कार्यालयमा काम गर्दा घूस दिन नपर्ने अवस्था, न्यायालयमा समयमै न्याय पाउने व्यवस्था, अस्पताल र विद्यालयमा समान पहुँच हुनु, यी सबैले जनतालाई उनीहरूको आवाजको मूल्य छ भन्ने अनुभव दिन्छ ।

समान अवसर लोकतान्त्रिक अनुभूतिको अर्को पाटो हो । जब समाजका सबै वर्ग - महिला, दलित, आदिवासी, मधेसी, मुस्लिमलगायत उत्पीडित समुदायले राजनीतिमा, प्रशासनमा, शिक्षा र रोजगारमा समान सहभागिता र प्रतिनिधित्व पाउँछन्, तब मात्र लोकतन्त्रले सबैलाई छोएको हुन्छ । प्रतिनिधित्वको अर्थ केवल कुर्सीमा को बसेको छ भन्ने होइन, निर्णय प्रक्रियामा कसको आवाज कति सुनिन्छ भन्ने हो ।

लोकतन्त्रको आत्मा जनताको सहभागिता हो । मतदान गर्नु लोकतन्त्रको मूल आधार हो, तर त्यो पर्याप्त होइन । स्थानीय तहदेखि संघीय सरकारसम्मको निर्णय प्रक्रियामा नागरिकको सक्रिय भूमिका हुनु आवश्यक छ । जनता सहभागी भएनन् भने नीति जनमुखी हुँदैन । बजेट निर्माण, विकास परियोजना छनोट, योजना अनुगमनमा जनसहभागिता अनिवार्य हुनुपर्छ । जनताको साक्षरता र सचेतना अभिवृद्धि बिना यसको सम्भावना कम हुन्छ ।

लोकतन्त्रको अनुभूति गराउने अर्को महत्वपूर्ण पक्ष हो - अभिव्यक्ति स्वतन्त्रता । जब नागरिकहरू सरकारको आलोचना गर्न सक्छन्, जब पत्रकारहरू डर, त्रास बिना सत्य उजागर गर्न सक्छन्, जब साहित्य, कला र सामाजिक संजालमा खुला बहस हुन्छ, तब मात्र समाजले प्रगतिशील विचारहरू आत्मसात् गर्छ । अभिव्यक्ति स्वतन्त्रता सँगै उत्तरदायित्व पनि आउँछ, तर यो स्वतन्त्रता कुण्ठित भयो भने नागरिकले डरको शासन महसुस गर्छन्, लोकतन्त्र होइन । लोकतन्त्रको अनुभूतिमा शिक्षा र सामाजिक चेतनाको भूमिका पनि अत्यन्त महत्वपूर्ण हुन्छ । यदि नागरिकले आफ्ना अधिकार र कर्तव्य नबुझे भने उनीहरूले लोकतन्त्रको सही अर्थ बुझेको मान्न सकिँदैन । लोकतान्त्रिक मूल्यहरूको शिक्षालाई विद्यालय, परिवार, र मिडियाबाटै व्यापक रूपमा प्रवाह गर्नु आवश्यक छ ।

अन्ततः लोकतन्त्रको अनुभूति गराउन चाहने हो भने नागरिक र राज्य दुवैको भूमिकामा सुधार आवश्यक छ । राज्यले पारदर्शी र उत्तरदायी शासन दिनुपर्छ भने नागरिकले पनि सचेत, सक्रिय र जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ । लोकतन्त्रको अनुभूति कुनै एकदिनको काम होइन, यो निरन्तरको अभ्यास हो - जहाँ प्रत्येक व्यक्तिले सम्मान, समानता र सहभागिताको महसुस गर्न पाउँछ ।

लोकतन्त्र तब मात्र सजीव हुन्छ, जब उसले जनताको जीवनमा आशा, अधिकार र उत्तरदायित्वको प्रकाश फैलाउँछ । यो प्रकाश सबैमा समान रूपमा पुग्दा मात्र लोकतन्त्रको अनुभूति साँचो अर्थमा सम्भव हुन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# सिलाइ बुनाइसँगै सेवा

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, जेठ २९



पितृसतात्मक समाजमा महिलालाई हेर्ने दृष्टिकोण फरक छ । २१ औं शताब्दीमा पनि महिलालाई हेर्ने दृष्टिकोण फेरिएको छैन् । देश संघीय शासन प्रणालीमा गएपछि महिलाहरूको जीवन फेरिएको छ । राजनीतिक नेतृत्वमा महिलाको सहभागिता बढेको छ । राष्ट्रपतिदेखि मन्त्री, मेयर, वडाअध्यक्ष र सदस्यसमेत महिलाहरू बन्न सफल भएका छन् । नेपालको संविधानले राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता पुऱ्याउने लक्ष्यका साथ प्रत्यक्ष निर्वाचित कार्यकारी पदमा फरक-फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ। त्यही व्यवस्थाले जन्माएको एक प्रतिनिधि पात्र हुन् भिमेश्वर नगरपालिका-७ की ससदस्य खेम कुमारी श्रेष्ठ । २०४१ सालमा दोलखाको भिमेश्वर नगरपालिका-५ माटीमा जन्मिएकी श्रेष्ठ हाल वडा नम्वर ७ की निर्वाचित महिला वडा सदस्य हुन् । माटीमा जन्मिएकी श्रेष्ठको बाल्यकाल करिब ९ महिना आफ्नै गाउघरमा बित्यो भने ९ वर्षसम्म भारतमा बित्यो ।

बुवा भारतीय लाहुरे भएका कारण उतै उनले बाल्यकाल बिताइन्। भारतमै बस्दा कक्षा ४ सम्म भारत सैनिक विद्यालयमा अध्ययन गरिन् । त्यस लगत्तै आफ्नो जन्मथलो माटीमा आएर अध्ययन सुरु गरिन् । २०६३ सालमा वडा नम्वर ७ साखिनेमा खेम कुमारी श्रेष्ठको विवाह भयो । सामाजिक क्षेत्रमा सक्रिय र ऊर्जावान रहेकी श्रेष्ठ साखिनेमा घरजम भएपछि समाजको हक हितका लागि लागिन्। वडाको विभिन्न समूहमा बसेर काम गरेकी श्रेष्ठ राजनीतिक क्षेत्रको रुची र स्थानीयहरूको चाहानाअनुसार गत स्थानीय तहको निर्वाचनमा महिला वडा सदस्यमा नेकपा (एमाले)को तर्फबाट चुनाबमा उम्मेदवार बन्दै महिला वडा सदस्यमा निर्वाचिन भइन्। वडा सदस्यमा निर्वाचित श्रेष्ठ हाल भिमेश्वर नगर कार्यपालिकाको कार्यपालिका सदस्यसमेत छिन् । विभिन्न क्षेत्रमा क्रियाशील रहेकी श्रेष्ठ सिलाइ बुनाइको काम पनि गर्छिन् । जनप्रतिनिधि भएपनि उनी सिलाइ बुनाइको तालिम पनि दिँदै आएकी छिन् । बिहान बेलुका घर, खेतीपाती तथा सिलाइ बुनाइमा व्यस्त उनी दिनभर वडा कार्यालयमै जनताको सेवामा भेटिन्छन्। आफू महिला वडा सदस्य भएको नाताले आफ्ना घर, टोल, छिमेकमा भइरहेका विकास निर्माणका कार्यहरूमा पनि उनको निकै लगाव छ ।

खासमा जसरी पुरुषको सफलताको पछाडि महिलाको हात हुन्छ, त्यसैगरी महिलालाई पनि सफलताका लागि पुरुषको साथ आवश्यक पर्ने उनको बुझाइ छ ।

प्रगतिशील, महिला अधिकारका हिमायती, सबै किसिमका विभेदका विरोधी, लोकतन्त्रवादी, समाजवादी ठान्ने धेरै नेता, विद्वान, अभियन्ता कहलिएकाहरू पनि पुरुष प्रभुत्वको विषालु कुलतबाट मुक्त हुन नसकेको उनको बुझाइ छ ।

उनी भन्छिन्, 'हुन त महिलालाई अझै पुरुषहरूले पत्याउँदैनन् । अझै पनि महिलालाई नपत्याउने, पछि पार्ने चलन छ । तर मलाई अहिले यस ठाउँमा उभिन पाउँदा निकै सन्तुष्टि मिलेको छ ।'

वडाभित्र उत्पादन भएको साग तरकारीलाई राजधानी काठमाडौंसम्म पुऱ्याउने विषयमा पनि वडाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उनी बताउँछिन । यहाँ धेरै तरकारी उत्पादन हुन्छ । आलु, साग, गोलभेंडालगायतका तरकारीलाई बजारीकरणको लागि कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुरामा ध्यान केन्द्रित गरेको उनको भनाइ छ । वडालाई कृषि उत्पादनको हिसाबले माथि उठाउन सकिने हुँदा त्यस क्षेत्रमा लगानीको वातावरण बनाउनुपर्ने उनको जोड छ ।


## अत्यन्त जरूरी सूचना

यस **रकि ईन्टरनेशनल प्रा. लि. इजाजत पत्र नं.५६४/०६२/०६३** को नाम प्रयोग गरि **संजय सुवेदी, मधुमालती स्याङताङ र संजय सुवेदी (सरोज)** भन्ने व्यक्तिहरुले यस संस्थाको संचालक हुँ भनि विभिन्न देशहरुमा पठाईदिन्छु भनि सोझा साझा व्यक्तिहरुवाट पासपोर्ट तथा पैसा संकलन गरिरहेको भन्ने सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ यसरी यस संस्थाको नाम दुरुपयोग गरी अनाधिकृत रुपमा गैर व्यक्तिले सोझा साझा जनतालाई ठगि खाने नियत राखि विभन्न व्यक्तिहरुवाट पासपोर्ट तथा पैसा संकलन गरेको हुन सक्ने भएकोले उक्त व्यक्ति यस संस्था संग कुनै पनि सम्वन्ध नरहेकोले कसैले पनि वैदेशिक रोजगारी सम्वन्धि कारोवार नगर्न/नगराउनुहुन सवैमा सुचित गराउदछौं । यदि कसैले गरेको भए यस प्रा. लि. जवाफदेही नहुने सम्वन्धित सवैमा जानकारी गराउदछौं ।

**रकि ईन्टरनेशनल प्रा. लि.**
स्यूचाटार, कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०३
श्रम ईजाजत नं.: ५६४/०६२/०६३



## Bahradashi Rural Municipality
## Office of Rural Municipal Executive
Chakchaki, Jhapa
Koshi Province, Nepal

### Invitation for Bids

Date of publication: 2082/02/30 (13th June, 2025)

Bahradashi Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB) procedures.

| Contract ID | Description | Estimated Amount NRs. (With VAT & Transportation) | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission/ Opening Date |
|---|---|---|---|---|---|
| NCB/Bahradashi/ Krishi/3/2081-82 | 50% Anudan ma Krishi Tatha Pashu Samagri kharid Tatha Bitaran. | N/A | 1,12,000/- & 120 days from deadline | 3,000/- | 13th July, 2025 (13:00 hrs/ 14:00hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/३०**

यस समूहको वन क्षेत्रवाट आ.व. २०७८/२०७९ र २०७९/२०८० को स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान घाटगद्दी गरिएको लट नं १, २, ३ र ४ को साल तथा कुकाठ गोलिया थान ४२८ को २६५९.७४ क्यू. फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । भ्याटमा दर्ता भएका नविकरण तथा कर चुक्ता भएका ईच्छुक काठ व्यवसायिहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र लट वाईज छुटाछुटै सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनका दिन रितपूर्वको सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको विस्तृत सूचना यस सा.व.उ.स. को कार्यालयमा टाँस गरिएको छ ।

**कान्छी हिमाल सामुदायिक वन उपभोक्ता समूह**
**बर्दिवास न.पा. - ५, महोत्तरी**



## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**पुनः दोस्रो पटक प्रकाशित मिति : २०८२/०२/३०**

डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका-४ स्थित बहुमुखी सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई घाटगद्दीमा राखिएको कुल २१५ गोलिया थानको परिमाण २४३२.६४ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना पुनः दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरीद गरी १६औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पाटीमा टाँस गरिएको छ । थप जानकारीका लागि सा.व.उ.स.को कार्यालयमा सम्पर्क गर्न सकिने छ ।



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०२/३०**

यस बैंकको शाखा कार्यालय महेन्द्रचोक (साविकको सिर्जना फाइनान्स लि.) विराटनगर मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**

अनुपी ठाकुरको नाति, राज कुमार ठाकुर हजामको छोरा, राजकुमारी ठाकुरको पति, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा.वडा नं.१५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१२, बस्ने **अजय ठाकुर** (ना.प्र.नं.५९०८३, जारी मिति २०५८/०३/२५, जि.प्र.का. मोरङ्ग)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) राज कुमार ठाकुर हजामकी बुहारी, कैलास ठाकुरकी छोरी, अजय ठाकुरकी पत्नी, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा.वडा नं.१५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१२, बस्ने **राजकुमारी ठाकुर** (ना.प्र.नं.०५-०१-७१-३१७५९, जारी मिति २०७१/०८/२२, जि.प्र.का. मोरङ्ग)
२) राज कुमार ठाकुर हजामको नाति, अजय ठाकुरको छोरा, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.११ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.१२, बस्ने **धर्मेन्द्र ठाकुर** (ना.प्र.नं.०५-०१-७८-००८२८, जारी मिति २०७८/०३/३०, जि.प्र.का. मोरङ्ग)

**२. ऋणीको नाम र ठेगाना**

लोचन यादवकी बुहारी, वच्चु यादवकी छोरी, सुरेश यादवकी पत्नी, सुनसरी जिल्ला अमाहीवेला गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५ बस्ने **मंजुदेवी यादव** (ना.प्र.नं. ०६१०२६/६४३४, जारी मिति २०६७/०१/०६, जि.प्र.का. सुनसरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) लोचन यादवकी नातीनी, सुरेश यादवकी छोरी, सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५ बस्ने **चान्दनी कुमारी यादव** (ना.प्र.नं.०६-०६-७५-००९७२, जारी मिति २०७५/०५/०३, जि.प्र.का. सुनसरी)
२) झुटिया यादवकी बुहारी, सुकलाल यादवकी छोरी, सुनसरी जिल्ला अमाहीवेल्हा गा.वि.स. वडा नं. ०५, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५ बस्ने **सुमित्रा देवी यादव** (ना.प्र.नं.१४१०, जारी मिति २०५४/०१/३०, जि.प्र.का. सुनसरी)
३) चुहायि यादवको नाती, झुटिया यादवको छोरा, सुनसरी जिल्ला अमाहीवेल्हा गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५ बस्ने **लोचन यादव** (ना.प्र.नं.७१३/५९०, जारी मिति २०३८/१२/०८, प्रथम प्रतिलिपि मिति २०७३/१२/१७, जि.प्र.का. सुनसरी)
४) झुटिया यादवको नाती, लोचन यादवको छोरा, सुनसरी जिल्ला अमाहीवेल्हा गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं.०५ बस्ने **शुरेश यादव** (ना.प्र.नं.११५७१/१२५७१, जारी मिति २०५६/१०/११, जि.प्र.का. सुनसरी)

**३. ऋणीको नाम र ठेगाना**

दिवाकर झाको नाति, रमेश झाको छोरा, सिमा कुमारी झाको पती, सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स वडा नं.०५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.०३ बस्ने **पवन कुमार झा** (ना.प्र.नं. ४३२४/४०८१, जारी मिति २०६०/०२/१५, जि.प्र.का. सप्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) कुमरलाल झाको नाती, दिवाकर झाको छोरा, सप्तरी जिल्ला छिन्नमस्ता गा.पा. वडा नं.०५, स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला छिन्नमस्ता गा.पा. वडा नं.०३ बस्ने **रमेश झा** (ना.प्र.नं. १६-०१-७६-०१२४४, जारी मिति २०७६/०१/२९, जि.प्र.का. सप्तरी)
२) रमेश झाकी बुहारी, कुमार नाथ झाकी छोरी, पवन कुमार झाकी पत्नी सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०३ बस्ने **सिमा कुमारी झा** (ना.प्र.नं.१६-०१-७१-०९१३८ जारी मिति २०७१/१२/१२,जि.प्र.का.सप्तरी)
३) दिवाकर झाको नाती, नरेश झाको छोरा, सप्तरी जिल्ला छिन्नमस्ता सखडा गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.०३ बस्ने **माहानन्द झा** (ना.प्र.नं.१६-०१-७०-०२०७४, जारी मिति २०७०/०३/२१, जि.प्र.का.सप्तरी)
४) दिवाकर झाको नाती, नरेश झाको छोरा, सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं.०३ बस्ने **नयन झा** (ना.प्र.नं.१६१०५०/२८२, जारी मिति २०६७/०८/२९, जि.प्र.का.सप्तरी)
५) दिवाकर झाकी बुहारी, अमरकान्त मिश्रकी छोरी, सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स. वडा नं.०५, स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला छिन्नमस्ता गा.पा. वडा नं.०३ बस्ने **सुनयना देवी झा** (ना.प्र.नं.३७७८, जारी मिति २०४६/०३/२९, जि.प्र.का.सप्तरी)
६) कुमरलाल झाको नाती, दिवाकर झाको छोरा, सप्तरी जिल्ला छिन्नमस्ता गा.पा. वडा नं.०५, स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला छिन्नमस्ता गा.पा. वडा नं.०३ बस्ने **नरेश झा** (ना.प्र.नं. ८०९५४००८, जारी मिति २०४५/०१/०४, जि.प्र.का.सप्तरी)

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL



## शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०८२/०२/२९ गते**

यस कार्यालयबाट राष्ट्रिय दैनिक प्रकाशित बोलपत्र सम्बन्धी सूचनाअनुसार समयावधि भित्र पेश भएको बोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र" सारभूत रूपमा प्रभावग्राही "ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. भ्याट समेत |
|---|---|---|---|
| 24/SM/NCB/Goods/ 2081/082 | Supply and Delivery Assistive Device for Disable Person | Nikki Distributors, Dharan | 15,26,229.5 |

**प्रमुख प्रशासकीय अधिकृत**



## धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति: २०८२/०२/३०**

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०१/३१ गते दोश्रो पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मूल्यांकनमा सारभूत रुपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०३/०६ (20-Jun-2025) गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन समेत) को नियम ३१ज को उपनियम (५) र (६) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का न. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| 072/ DSMC/2081/082 | Construction of RCC Drain Works at LN Chowk- Nepal Rastra Bank Road Ward No. 1 DSMC | 1. Khaptad Construction Dhangadhi, Kailali<br>2. Kiran Construction Godawari, Kailali<br>3. Pawan Construction Dhangadhi, Kailali |

**प्रमुख प्रशासकीय अधिकृत**



## युएईमा रोजगार

कम्पनी: AL MUQARRAM INSULATION MATERIAL INDUSTRY LLC शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०२/२९ चलानी नं.: ६०२३९४२८ LT. No.: 325511

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 900 | ३३,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com
Govt. Lic. No.: 1123/073/074



## Saudi मा रोजगार

Herfy Meat Products Factory Branch Herfy Food Services Company
पूर्व स्वीकृति मिति: २०८२/०२/२९ चलानी नं.: ६०२३९४२१ LT No. 325512

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 40 | 0 | साधारण | 1000 | ३६,२४७।- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | छ | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. [illegible] कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. [illegible] कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ असार ६ गते (20 June, 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।**

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७



## UAE मा रोजगार

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०४ चलानी नं.: ६०२३३१३८ LT. No.: 318856 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 200 | 0 | स. काममा दक्ष | 800 | २९,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

# 'जनै हराएको मान्छे' : आम नेपालीले दैनिक जीवनमा भोगिरहेका संघर्षको कथा




**काठमाडौं/मस–** पछिल्लो समय नेपाली दर्शकहरू भावनात्मक सिनेमाप्रति आकर्षित छन् भन्ने निष्कर्षमा पुग्न गाह्रो छैन । 'पूर्णबहादुरको सारंगी', 'बोक्सीको घर', 'एन्जिला', 'ऊनको स्वीटर' जस्ता सिनेमाहरूले दर्शकको मन जितिरहेका छन् ।

अब यही भावनात्मक धारमा अर्को सिनेमा थपिँदैछ– 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' । निर्देशक हिमाल न्यौपानेका अनुसार यो सिनेमा आम नेपालीले दैनिक जीवनमा भोगिरहेका संघर्ष र सम्बन्धका संवेदनशील पक्षहरूमाथि केन्द्रित छ। 'हाम्रो सिनेमाले आम नेपालीको अनुभूति बोकेको छ। प्रचारका सबै सामग्रीले यही कुरा स्पष्ट पारेका छन्,' निर्देशक न्यौपाने भन्छन्, 'भर्खरै सार्वजनिक गीतमा आमाप्रति गहिरो माया राख्ने छोराको संघर्ष देखिन्छ, जसले आमालाई खुसी बनाउने प्रयासमा आफ्नो बाटो नै बदल्छ ।'

निर्देशकका अनुसार सिनेमा निम्न र मध्यम वर्गीय नेपालीहरूको यथार्थ जीवन नजिकको कथामा आधारित छ । आर्थिक रूपमा कमजोर भए पनि मनले धनी छोराको संवेदना 'जनै हराएको मान्छे'को केन्द्रमा छ ।

रुमानी कल्पनाभन्दा यथार्थ नजिकको सिनेमामा विश्वास गर्ने निर्देशक न्यौपानेले यसै सोचका आधारमा चलचित्र निर्माण गरिएको बताए ।

चलचित्रका मुख्य कलाकार विजय बराल हुन्, जसलाई निर्माण पक्षले 'एपिक नेचुरल स्टार' को ट्याग दिएको छ। विजयसँगै केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा लगायत कलाकारहरूको अभिनय रहनेछ ।

पेपरक्लिप ब्यानरमा निर्माण भएको यो सिनेमा कमल न्यौपाने र विमल न्यौपानेको संयुक्त निर्माण हो । सह-निर्माताामा आरके मानन्धर, रुपेश लामा, सिआर बस्नेत, नारायण तिमिल्सिना र चुडामणि सिवाकोटी छन् ।

असोसिएट निर्देशकमा 'प्रेमगीत ३'का अभिनेता मनिष राउत छन्। सिनेमा हाल पोस्टप्रोडक्सनको चरणमा छ । छायांकन काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेका विभिन्न स्थानमा गरिएको हो। नवीन गुरुङले डीओपी र कृष्ण परियारले सिनेमाटोग्राफी सम्हालेका छन् ।

संगीतमा थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको काम रहेको छ। कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका हुन् ।

'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' आउँदो भदौ ६ गते देशभर प्रदर्शनमा आउनेछ। वितरणको जिम्मा गोविन्द शाहीको काफिया फिल्म्सले लिएको छ ।

यो वर्ष 'पूर्णबहादुरको सारंगी'पछि विजय बरालको मुख्य भूमिकामा आउने पहिलो सिनेमा यही हो । सँगै केकी अधिकारी पनि मुख्य भूमिकामा देखिँदैछिन् । विसं. २०८१ मा नेपाली सिनेमामा भावनात्मक तथा यथार्थप्रधान सिनेमाको लहर बलियो हुँदै गइरहेका बेला 'जनै हराएको मान्छे' एक सशक्त प्रस्तुति बन्ने आशा गरिएको छ ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय**
कालिकोट

**अस्पतालमा क्यान्टिन संचालनका लागि भवन भाडामा दिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०२।३०**

यस अस्पतालको हाताभित्र रहेको भवनमा क्यान्टिन संचालन गर्ने प्रयोजनका लागि सिलबन्दी बढाबढ्द्वारा भवन भाडामा दिनुपर्ने भएकाले क्यान्टिन लिन इच्छुक फर्म, संघ/संस्था, कम्पनीलाई सिलबन्दी प्रस्ताव पेश गर्नहुन यो सूचना आव्हान गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको वेवसाइट hsokalikot.karnali.gov.np मा गएर हेर्नका साथै कार्यालयमा गएर बुझ्न सकिनेछ।

**नि.स्वास्थ्य सेवा व्यवस्थापक**

**युएईमा रोजगार** | कम्पनी : WE ONE | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/०५ | चलानी नं.: ६०२३४७१० | LT. No.: 320512 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 58 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३५,३११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 27 | 0 | | 950 | ३५,३११ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Govt.Lic.No. 1679/080/81
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370906, Email: leadingmanpower.recruitnepal@gmail.com

**युएईमा रोजगार** | कम्पनी : GREEN MOUNTAINS ENVIRONMENTAL AND TRANSPORTS SERVICES | शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०२/२९ | चलानी नं.: ६०२३९४१७ | LT. No.: 325473

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Mechanic | 2 | 0 | स. काममा दक्ष | 2000 | ७४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.** श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

